मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

गणतन्त्रलाई संस्थागत गर्न राससको महत्वपूर्ण भूमिकाः अध्यक्ष दाहाल

पृष्ठ ५ मा



वर्ष ३ • अंक १५८ • २०८२ साल वैशाख ०९ गते मंगलबार • Tuesday 22, April 2025 • सूर्योदयः बिहान ५:३६ बजे • सूर्यास्तः साँझ ६:३२ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# जनमत अध्यक्ष सिके राउतमाथि आरोपैआरोप



**जनकपुरको घरः**
मधेश आश्रम निर्माणका लागि पार्टी अध्यक्ष डा सिके राउतको सचिवालयबाट आह्वान गरिएको आर्थिक सहयोगको प्रतिक्रिया शून्य रहँदा इ सुरेन्द्र यादव र वसन्त कुशवाहाले व्यक्तिगत खर्चमा घर निर्माण गर्नुभयो । म स्वयम् पनि जग्गा किन्नेदेखि निर्माणसम्म प्रत्यक्ष संलग्न थिएँ ।

**कतारमा संगठन निर्माण**
स्वतन्त्र मधेश गठबन्धनको समयमा व्यक्तिगत सवारी साधन र पेशागत अवसर त्याग्दै उहाँले कतारमा सबैभन्दा ठूलो संगठन निर्माण गर्नुभयो । डा राउतप्रति पूर्ण निष्ठा राख्दै उहाँले आलोचना हुँदा पनि अडिग भएर साथ दिनुभयो ।

**संसदीय टिकट विवादः**
पार्टी निर्माणमा जीवनको अति महत्वपूर्ण समय समर्पण गरेका सुरेन्द्र यादवलाई सप्तरी संसदीय क्षेत्र नम्बर १ बाट टिकट नदिई उल्टो संगठनमा खास योगदान नदिएका आफ्नै दाजु जयकान्त राउतलाई उम्मेदवार बनाइनु वातावरण बिग्रिने प्रमुख कारण बन्यो ।

**समानुपातिक सूचीमा आर्थिक मागः**
करोडौँ रुपैयाँ खर्चेर जनकपुरमा निर्माण गरिएको घरपछि पनि समानुपातिक सूचीमा समावेश गराउन उहाँसँग ५० लाख रुपैयाँ मागिनु अत्यन्तै दुःखद र अपारदर्शी व्यवहार हो ।

**घरजग्गा खरिदमा अनियमितताः**
'मधेश लोट चले' भन्ने नारा दिँदै सांसद बनेपछि इमाडोलमा भव्य घर र पार्किङका लागि छुट्टै जग्गा खरिद गर्नुमा भ्रष्टाचारको गम्भीर आशंका छ । सत्यतथ्यको निष्पक्ष छानबिन अपरिहार्य छ ।

**महादेवामा पार्टीको नाममा बनाइएको घरः**
पार्टीका नाममा संकलन गरिएको रकमबाट सप्तरी, महादेवामा निर्माण गरिएको पक्की घरको स्रोत र उपयोगबारे छानबिन आवश्यक छ ।

**साइकल काण्ड र गाडी खरिदः**
मधेश प्रदेशका चर्चित साइकल काण्डमा संलग्न पात्रको नाममा गाडी खरिद हुनु जनता र आन्दोलनप्रति विश्वासघात हो ।

कोषाध्यक्षको खातामार्फत नचलेको आर्थिक कारोबारः
पार्टी कोषाध्यक्षको नाममा कुनै पनि बैंक खाता नखोली अवैध रुपमा आर्थिक कारोबार हुनु गम्भीर प्रश्नको विषय हो ।

**उपत्यकामा कार्यालयको अभावः**
काठमाडौँमा पार्टी कार्यालयको लागी घर नपाउँदा डा. राउतको हठका कारण पुरानो होटल भाडामा लिइ कोटेश्वर स्थित प्रवासी होटल प्राइभेट कम्पनीअन्तर्गत खोलिएको थियो, जहाँ नेता, कार्यकर्ता, पिए र चालक बसोबास गर्ने गर्दथ्यो । चुनावको समयमा उपत्यकाका लागि अधिकांश गतिविधि त्यो ठाउँबाट भएको थियो ।

**आर्थिक सहयोगको दुरुपयोगः**
रामनारायण साह, सत्य नारायण खंग, पञ्चनन्द माझी, अनिता साह, ऋषिकेष ठाकुर, प्रमोद ईसर लगायतका व्यक्तिका नाममा आर्थिक सहयोग संकलन गरी निजी प्रयोजनमा खर्च गरिएको छ, जुन पूर्णरूपमा गैरकानूनी हो ।



यी सबै घटनाक्रमले प्रष्ट संकेत गर्दछ कि इ. सुरेन्द्र नारायण यादवको गिरफ्तारी योजनाबद्ध षड्यन्त्र हो । घटनाको निष्पक्ष, स्वतन्त्र र विश्वसनीय छानबिन हुन अत्यावश्यक छ । साथै, पार्टी नेतृत्वमा पारदर्शिता, जवाफदेहिता र आन्तरिक लोकतन्त्रको प्रत्याभूति अनिवार्य छ भन्नेमा जोड दिन चाहन्छु ।

**इ दीपक कुमार साह**
पूर्व राष्ट्रिय उपाध्यक्ष/प्रमुख, अनुशासन विभाग
जनमत पार्टी, फोन नः ९८५१०५०७६७


**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमतका कोषाध्यक्ष इञ्जिनियर सुरेन्द्र नारायण यादव पक्राउ परेपछि जनमत पार्टीका उपाध्यक्ष इञ्जिनियर दीपक साहले पार्टीभित्रको आन्तरिक बदमासी छताछुल्ल पारिदिएका छन् ।

सोमबार बिहानै मधेश र देशभर जनमत नेतृत्वको बदमासी छताछुल्ल भएको हो ।

साहले यादवको गिरफ्तारीप्रति आपत्ति जनाउदै पार्टी नेतृत्वमा देखिएको वित्तीय अनियमितता, शक्ति दुरुपयोग र षड्यन्त्र नै छानबिन हुनुपर्ने माग गरे ।

उनले जारी गरेको विज्ञप्तिमा जनमत पार्टीका कोषाध्यक्ष इ. सुरेन्द्र नारायण यादवको गिरफ्तारीप्रति गम्भीर चिन्ता र गहिरो खेद व्यक्त गरेका छन् । मधेशको राजनीतिक आन्दोलन र जनमत पार्टीको निर्माणमा उनको समर्पण, योगदान र इमानदारिता ऐतिहासिक रहेको भन्दै साहले भनेका छन्, 'केही यथार्थपरक पक्षहरू जनमानससमक्ष स्पष्ट गर्न आवश्यक ठान्दछु ।' उनले जारी गरेको विज्ञप्तिमा जनमत नेतृत्वप्रति लागेका आरोप झन संगीन रहेका छन् ।

## जनमतको जिकिर



जनमत पार्टीबाट आर्थिक तथा नैतिक अपचलनमा अनुशासनको कारबाही भएर निलम्बित रहेका सचिवालय पदाधिकारीद्वारा विभिन्न भ्रामक कुरा सामाजिक सञ्जालमा तथा समाचार माध्यममा पोस्ट गर्न लगाइएको र भ्रम सिर्जना गर्न लगाइएकामा पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । सत्यतथ्य बुझ्न र प्रमाणका आधारमा समाचार सम्प्रेषण गर्न जनमत पार्टी आग्रह गर्दछ ।
डा. शरदसिंह यादव
प्रवक्त, जनमत पार्टी

जनमत पार्टीको कोषको अपचलन भएको हो–होइन तथा जनकपुरको 'मधेश आश्रम', इमाडोलको घर वा कोटेश्वरको प्रवासी होटल सहितमा भएको अनिमियतताको छानबिन गर्न र कानूनी प्रक्रियामा जान जनमत पार्टी केन्द्रीय सचिवालय बैठकले निर्णय गरेको हो । प्रहरीले पनि विभिन्न सबुत प्रमाणहरू बुझेर, बैंक स्टेटमेंटहरू हेरेर, साक्षी माननीयज्यूहरुको बयान लिएर ठगी तथा आपराधिक विश्वासघातको मुद्दामा ठोस प्रमाण देखिएर नै ललितपुर जिल्ला अदालतबाट आदेश लिएर तत्कालीन् कोषाध्यक्ष सुरेन्द्र नारायण यादवलाई पक्राऊ गरेको हो ।
डा सिके राउत बस्ने गरेको जनकपुरधामको 'मधेश आश्रम' वा इमाडोलको घर कुनै पनि डा सिके राउत वा उहाँको परिवारको नाममा छैन, दुइटै घर तत्कालीन् कोषाध्यक्ष सुरेन्द्र नारायण यादवकी श्रीमती ललिता कुमारी यादवको नाममा तत्कालीन् कोषाध्यक्षले राखेका छन् । पार्टीले पटकपटक ती घरहरू पार्टीको नाममा नामसारी गर्न भन्दै आएको छ ।
तत्कालीन् कोषाध्यक्ष सुरेन्द्र नारायण यादवलाई एकै चोटि कानूनी प्रक्रियामा लगिएको होइन । विगत वर्ष दिन भन्दा बढी समयसम्म पटक–पटक कोष, लेबी र घरको हिसाब दर्जनौँ पटक मागेपछि पनि नदिँदा, विदेशमै गएर सेटल भएर बसिदिँदा र पछि पार्टीको घर पार्टीको नाममा ट्रान्सफर गर्न भन्दा गालीगलौच गर्दै म दिन्न, जनकपुरधामको मधेश आश्रम पनि म आफ्नै श्रीमतीकै नाममा नै राख्छु कसैलाई दिन्न, इमाडोलको घर पनि म आफ्नै श्रीमतीको नाममा नै राख्छु कसैलाई दिन्न, कोटेश्वरको प्रवासी होटलको विषयमा पनि म केही गर्दिनँ, कसैको पैसा पनि फिर्ता गर्दिनँ, हिसाब पनि दिन्नँ, जे गर्नु छ गर भनेर भनेपछि दिएको हदम्याद गुज्रे पछि कारबाही अघि बढेको हो ।
कारबाही भएका पदाधिकारीहरू पार्टीद्वारा समानुपातिक सांसद् र मन्त्री नबनाइँदा ब्लाकमेलिङ गर्दै आएको कुरा सर्वविदित नै छ । त्यतिमात्रै नभएर सांसद नै नहुँदा पनि ६ महिनाका लागि मन्त्री बनाइदिनु पर्यो, नभए म जे पनि गर्छु, पार्टीलाई ध्वस्त पार्छु र जान्छु, आफ्नो त जागिर छँदैछ, जनमत पार्टीसँग मेरो के लेनादेना छ भन्दै धम्काउँदै आएको छन् ।

## सुरेन्द्र यादवमाथि आरोप



नामः सुरेन्द्र यादव
पदः कोषाध्यक्ष, जनमत पार्टी
मुद्दाः ललितपुर जिल्ला प्रहरी कार्यालयमा ठगी तथा आपराधिक विश्वासघात

**आरोपः** काठमाडौँको इमाडोलमा रहेको घर पार्टीको नाममा दिन नमानेको, हरहिसाबमा अनियमितता गरेको, इमाडोलमा पार्टीले बनाएको घर पत्नी ललिता देवी यादवको नाममा गरेको ।
यादव मधेश सरकारको नीति तथा योजना आयोगमा सदस्य छिन् ।

## प्रज्ञापन पत्रमा लेखिए भन्दा बढी जिरा ल्याउनेलाई ७० लाख जरिवाना

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको आरएन इन्टरप्राइजेजको बदमासी अन्ततः भन्सार कार्यालयमा छताछुल्ल भएको छ । भारतबाट मालसामान आयात गर्दा पछिल्लो केही वर्षदेखि परिमाण लुकाएर बदमासी गरिरहेको फर्म अन्ततः कारबाहीको दायरामा आएको हो । यसपटक फर्मले ३ लाख रुपैयाँ बराबरको भन्सार शुल्क जोगाउन बदमासी गर्दा ६७ लाख रुपैयाँ बढी अर्थात् ७० लाख रुपैयाँभन्दा बढी जरिवाना तिर्नु परेको छ । फर्मका सञ्चालक श्रीकान्त दिवेदी हुन् ।
भन्सार कार्यालय वीरगंज एकीकृत जाँच चौकी (आइसिपी) ले जनाए अनुसार, वैशाख ३ गते आरएन इन्टरप्राइजेजले भारतबाट जिरा आयात गरेको थियो ।
दुई वटा भन्सार प्रज्ञापन पत्र पेस गरेर जिरा खरिद गर्दा एउटा प्रज्ञापन पत्रमा उल्लेख गरिएको तीन सय बोरा अर्थात् ९ हजार किलो जिराको परिमाण सही देखिए पनि अर्को प्रज्ञापन पत्रमा गडबडी भेटिएपछि छानबिनको डण्डा शुरु भएको थियो । दोस्रो प्रज्ञापन पत्रमा ५ सय ४० बोरा जिरा भनिए पनि जाँचमा ७ सय बोरा जिरा फेला परेको थियो । प्रज्ञापन पत्रमा भन्दा बढी परिमाण अर्थात् १ सय ४० बोरा जिरा यानेकि ४ हजार २ सय किलो जिरा भन्सारबाटै लुकाइछिपाइ छिराउन खोजिएको बदमासी भेटिएको हो ।
फर्मलाई भन्सार ऐन दफा ५७ बमोजिम ७० लाख रुपैयाँ जरिवाना भएको हो ।
भन्सारका सूचना अधिकारी अमित तिवारीले जाँच पास भएर बाहिरिन लागेको गाडीमा असामान्य परिमाण भेटिएपछि गेटबाट फर्काएर पुनः परीक्षण गरिएको बताए । परीक्षणमा परिमाण फरक देखिएपछि जरिवाना प्रक्रिया अघि बढाइएको हो ।
भन्सारले आयात–निर्यात प्रक्रिया छिटो बनाउन हरियो, पहेँलो र रातो लेन प्रणाली अपनाउँदै आएको छ । तर,



व्यापारीले परिमाण लुकाउने प्रवृत्ति बढेपछि भन्सार प्रशासनले पुनः परीक्षण कडाइका साथ अघि बढाएको हो । उनले भने, 'दैनिक जाँच पास भएका गाडीमध्ये केहीलाई नमूना आधारमा पुनः परीक्षण गर्दा यस्तो गडबडी भेटिएको हो । राजस्व चुहावट रोक्न अब जाँच प्रक्रिया अझ कडाइ गरिन्छ ।'

# दुई दिने अन्तरराष्ट्रिय शैक्षिक सम्मेलनमा विविध विषयमा छलफल

**सुन्दरहरैँचा ।**
यहाँको सुकुना बहुमुखी क्याम्पसद्वारा आयोजित दुई दिने पहिलो अन्तरराष्ट्रिय शैक्षिक सम्मेलन शिक्षा क्षेत्रमा हासिल भएका उपलब्धि, समस्या र सम्भावना तथा आपसी सहकार्यका विषयमा बृहत् छलफल गरिएको छ ।

सम्मेलनमा स्वदेशी तथा विदेशीगरी १० विश्वविद्यालय र विभिन्न क्याम्पस तथा अनुसन्धान प्रतिष्ठानका तीन सय ३१ जना प्रतिनिधिहरू सहभागी भएको समितिका प्रमुख एवं आयोजक क्याम्पसका सहायक प्रमुख गणेशप्रसाद दाहालले जानकारी दिए ।

सम्मेलनमा पहिलो र दोस्रो दिन (आइतबार) गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय शिक्षाविद् तथा अनुसन्धानकर्ताहरूले विभिन्न विषयमा प्रस्तुति दिनुभएको थियो । सम्मेलनको पहिलो दिन विश्वविद्यालय अनुदान आयोग नेपालका अध्यक्ष प्रा डा देवराज अधिकारी, नेपालस्थित अमेरिकी दूतावासका सार्वजनिक मामिला प्रमुख माइक हार्कर, आसाम डाउनटाउन विश्वविद्यालय भारतका उपकुलपति प्रा डा नारायणचन्द्र तालुकदार, काठमाडौँ विश्वविद्यालका डीन प्रा डा बालचन्द्र लुईंटेल र कृषि तथा वन विज्ञान विश्वविद्यालयका उपकुलपति प्रा डा शारदा थपलियाले विशेष सम्बोधन गरेका थिए । प्रा डा तीर्थराज खनियाँ, थाइल्याण्डकी डा अपारडि लिम र पोलैण्डका डा माइकल अपोलोसहित सामूहिक छलफल भएको थियो ।

समारोहमा नेपालस्थित अमेरिकी दूतावासका क्षेत्रीय अङ्ग्रेजी भाषा प्रमुख रोजर कोहेन, मनमोहन प्राविधिक विश्वविद्यालयका रजिष्ट्रार डा दिलनाथ फुँयाल र महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसका प्रा डा देवेन्द्र अधिकारीले फरकफरक तिन ठाउँमा 'प्लेनरी सेसन' सञ्चालन गरेका थिए । पहिलो दिन विभिन्न २५ वटा सत्र सञ्चालन गरिएको आयोजक क्याम्पसका प्रमुख अर्जुनराज अधिकारीले जानकारी दिए ।

सम्मेलनको दोस्रो दिन पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा डा विजुकुमार थपलिया, काठमाडौँ विश्वविद्यालयका प्रा डा लक्ष्मण ज्ञावली र त्रिविका पूर्वउपकुलपति प्रा डा तीर्थराज खनियाँले एउटै तीन वटा 'कि नोट सेसन' सञ्चालन गरेका थिए ।

दुई दिनमा सात वटा 'कि नोट', १० वटा 'प्लेनरी' र १९ वटा समानान्तर सत्रमा ६७ वटा अवधारणापत्र प्रस्तुत गरिएको सम्मेलनका कन्भेनर गुणराज नेपालले जानकारी दिए । रासस

# 'रैथाने गाईको पञ्चगव्यमा आधारित उत्पादन'




**काठमाडौँ ।**
नेपाली रैथाने गाई संरक्षणका लागि पञ्चगव्यमा आधारित औषधिजन्य प्राकृतिक उत्पादन गर्न थालिएको छ । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–८ मा रहेको जनकधाममा उत्पादित दूध, दही, घ्यू, गहुँत, गोबरसहितका पञ्चगव्य र हर्बलको प्रयोग गरेर औषधिजन्य वस्तु बनाउन थालिएको हो ।

त्यहाँ उत्पादित वस्तु उपभोक्तासम्म पु¥याउने उद्देश्यसहित मुख्य बिक्री केन्द्र जनकधाम र काठमाडौँको बुद्धनगरबाट बिक्रीवितरणसमेत गर्न थालिएको छ । सञ्चालक कौशलेन्द्र झाले दुईवटा बिक्री केन्द्र र आवश्यकताअनुसार अन्य क्षेत्रमा यहाँका उत्पादन उपलब्ध गराउन थालिएको बताए । हाल घ्यूबाट वैदिक, तुलसी, अर्जुन, ब्राह्मी, शङ्खपुष्पी घृत गरी १२ वटा, मोहीबाट तक्र सुधा, तक्र आसव, पेस्टिसाइड्स गरी सात, गौमुत्रबाट मललगायत विभिन्न २० वटा उत्पादनसहित ६० भन्दा बढी होमकेयर, पर्सनल केयर, लाइफ केयर, फुडजन्य वस्तु बिक्रीमा ल्याइएको उनले बताए । 'जनकधाममा उत्पादित यस्ता सामग्रीको पटकपटक आफैँले प्रयोग र परीक्षण ग¥यौँ । औषधि नै त भन्दैनौँ तर पञ्चगव्य र हर्बलको समिश्रणबाट औषधिजन्य सामग्री, जैविक उत्पादनका लागि मल, कल्चरल लिकुइड फर्टिलाइजर, किटनाशक जस्ता उत्पादन गरेका छौँ', झाले भने ।

पाँच महिनादेखि काठमाडौँमा बिक्री केन्द्र राखिएकामा हालसम्म करिब एक हजार जनाले यसको प्रयोग गरी लाभ प्राप्त गरेको कम्पनीका अर्को सञ्चालक राघबेन्द्रकुमार झाले जानकारी दिए । देशभित्रका उपभोक्ता र विभिन्न माध्यमबाट नेपालबाहेक विभिन्न देशमा यी उत्पादनको बजार विस्तार भइरहेको उनले बताए ।

सञ्चालक कौशलेन्द्र झाले वैदिक सनातन मान्यताअनुसार नेपाली रैथाने गाईमा आधारित पञ्चगव्यमार्फत आममानिकलाई प्राकृतिक जीवन बाँच्न सहयोग गर्ने उद्देश्यले आफूहरू लामो अध्ययनपछि यस कार्यमा लागेको बताए । 'हाम्रो ध्येय प्राकृतिक जीवन बाँच्नका लागि अभिप्रेरित गर्ने हो, किनकि प्राकृतिक जीवन बाँच्नलाई प्राकृतिक माटो, हावा, पानी र त्यसैको प्रयोगबाट उत्पादित प्राकृतिक भोजन, औषधि, जडिबुटी हुनुपर्छ । हाम्रो वैदिक सनातन मान्यता, आयुर्वेद र आधुनिक विज्ञानले पनि यसको आधार वर्णशङ्कर नगरिएको देशी गाई हुने कुरा प्रमाणित गरिसकेको छ', उनले भने, 'त्यसै आधारमा देशी गाई र पञ्चगव्यलाई स्रोत बनाएर अगाडि बढेमा प्राकृतिक जीवन बाँच्न सकिन्छ भन्ने सन्देश प्रवाह गर्न हामीले त्यसमा आधारित उत्पादन र प्रयोग अभियान सञ्चालन गरेका छौँ ।'

सनातन कालदेखि आधुनिक चिकित्सा विज्ञानको युगमा विभिन्न अध्ययनहरूले पञ्चगव्यमा एन्टिक्यान्सर र एन्टिब्याक्टेरियल गुण भएकाले बायोपेस्टिसाइज, किटनाशक, प्रोटिन, क्याल्सियम, भिटामिन, खनिज, अमिनो एसिडलगायत तत्व र रेडियो विकिरणबाट रक्षा गर्ने गुण हुने देखाएका छन् ।

रैथाने प्राकृतिक शुद्ध नश्लका गाईमा आधारित पञ्चगव्यबाट बनेका वस्तुहरू लाभदाय हुने भनेर प्रमाणित भइसकेकाले त्यसैको महत्वबारे बुझाउन पनि 'रैथाने गाईपालन तथा पञ्चगव्य उत्पादन' विस्तारमा लागेको झाको भनाइ छ । 'रैथाने देशी गाई प्राकृतिक जीवनका लागि महत्वपूर्ण त छँदैछन्, तिनमा आधारित पञ्चगव्यको प्रयोग आधुनिक अप्राकृतिक जीवनशैलीबाट उत्पन्न थरिथरिका रोग निदानमा पनि लाभदायक छन् भनेर देखाउनु हाम्रो उद्देश्य हो । हाल त्यसैको 'डेमो' देखाइरहेका छौँ । यसबाट असाध्य दीर्घरोगमा पनि राहत मिलेको भनेर आइरहेका प्रतिक्रियाले हामीलाई थप उत्साहित बनाएको छ', उनले भने । रासस

# एनआरएनए एकता महाधिवेशन वैशाख २० देखि




**काठमाडौँ ।**
गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) को एकता महाधिवेशन काठमाडौँमा हुने भएको छ । एनआरएनए उच्चस्तरीय समितिद्वारा सोमवार यहाँ आयोजित पत्रकार सम्मेलनमा यही वैशाख २० देखि २२ सम्म काठमाडौँको हायात होटलमा महाधिवेशन हुने जानकारी दिइयो ।

समितिका संयोजक डा शेष घलेले लामो समयदेखि विवादमा अल्झिएको सङ्घलाई एकताबद्ध गर्दै महाधिवेशनबाट समस्या समाधान हुने बताए । "विवादरहित संःस्था बनाउन सर्वोच्चले दिएको परामदेशका आधारमा संस्थालाई आवश्यक सुधार गर्न महाधिवेशन हुँदैछ", उनले भने, 'निष्पक्षताका लागि लड्नैपर्ने रहेछ । अब नयाँ ढङ्गले एनआरएनए बनाएर अगाडि बढ्ने छौँ ।'

एकता महाधिवेशनमा बढीभन्दा बढी एनआरएनको सहभागिताका लागि निःशुल्क सदस्यताको व्यवस्था गर्नुका साथै सदस्यताका लागि आवेदन दिने मिति पटकपटक थप गरिएको घलले बताए ।

एकता महाधिवेशन उच्चस्तरीय मूल समितिका सदस्य सचिव रविना थापाले एनआरएनए उच्चस्तरीय समितिको वेभसाइटमा १६ हजारभन्दा बढीले सदस्यताका लागि आवेदन दिएको जानकारी दिए । 'उच्चस्तरीय समितिलाई पठाइएको सङ्ख्या हेर्दा उक्त सङ्ख्या ४७ हजार बढी रहेको छ । उच्चस्तरीय समितिको वेभसाइट र एनसीसीहरूबाट आएको सङ्ख्या जोड्दा ६३ हजारभन्दा बढी सदस्य बन्नुभएको छ', उनले भने, 'एकता महाधिवेशनमा प्रतिनिधिको रूपमा सहभागी हुन आइतबारसम्म दुई हजार पाँच सयभन्दा बढीले निवेदन दिइसकेका छन् । आवेदनका लागि मङ्गलबारसम्म समय रहेको छ ।'

थापाले सन् २००३ मा स्थापना गरिएको एनआरएनए अहिले एउटा महत्वपूर्ण मोडमा आइपुगेको बताए । यस अवधिमा नेपालमा लगानी बढाउने, नेपाल सरकारसँग निकट सम्पर्कमा रही प्रवासमा रहेका गैरआवासीय नेपालीको हकहित संरक्षण गर्ने तथा अन्य सामाजिक कल्याणकारी काम सम्पन्न भएको थापाको भनाइ छ ।

सङ्घले कानुनी सर्वोच्चताको पालना गर्दै खुला छलफल, वार्ता र संवादको माध्यमबाट संस्थालाई एकजुट बनाउन र तोकिएको मितिमा काठमाडौँमा भेला भएर एकता महाधिवेशनलाई सफल बनाउन आह्वान गरिएको छ ।

सदस्य सचिव थापाले भने, 'ऐतिहासिक एकता महाधिवेशन आयोजना गर्नका लागि विभिन्न उपसमिति गठन गरी तयारीको काम तीव्र गतिमा अगाडि बढिरहेको छ । हालसम्म १४ पटक उच्चस्तरीय समितिको बैठक बसिसकेको छ । यसमा नेपाल सरकारका प्रतिनिधिहरू समेत सहभागी हुनुहुन्थ्यो ।' रासस

# आम्दा अस्पतालमा डाइलेसिस सेवा

**झापा ।**
आम्दा अस्पताल दमकमा मिर्गौला रोगीका लागि डाइलेसिस सेवा सञ्चालन गरिने भएको छ । अस्पतालले भद्रपुरस्थित ओमसाई पाथीभरा अस्पतालको सहकार्यमा २० शय्यासहित डाइलेसिस सेवा विस्तार गर्न लागिएको हो । दमक नगरपालिकाका प्रमुख रामकुमार थापाको प्रमुख आतिथ्यतामा आयोजित एक कार्यक्रममा त्यससम्बन्धी सम्झौता गरिएको आम्दा अस्पतालका प्रशासक सुमन नेपालले जानकारी दिए ।

सम्झौतापत्रमा आम्दा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा शिखर कट्टेल र ओमसाई अस्पतालका निर्देशक बालकुमार पोखे्रलले हस्ताक्षार गरेका छन । सम्झौताअनुसार आगामी दुई महिनामा डायलेसिस सेवा सुरु गरिनेछ ।

आम्दामा डाइलेसिससेवा नहुँदा यस क्षेत्रका सेवाग्राही दमक बाहिर सेवा लिन जान बाध्य थिए । दमकको आम्दा अस्पतालमा डायलेसिस सेवा सञ्चालनमा आएपछि पूर्वी मोरङ, पश्चिम झापा, इलाम र पाँचथरका दक्षिणी क्षेत्रका लक्षित समुदायहरु लाभान्वित हुने अस्पतालका पूर्वमेडिकल सुपरिटेन्डेन्ट डा नविन ढकालले बताए । ओमसाई पाथीभरा अस्पतालले लामो समयदेखि डायलेसिस सेवा उपलव्ध गराउँदै आएको छ ।

त्यस अवसरमा आम्दा अस्पतालका पूर्व मेसु डा प्रकाश शर्मा, डा नविन ढकाल, दमक उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोपाल गुरागाईंलगायतको उपस्थिति थियो ।

JEETPURSIMARA SUBMETROPOLITAN CITY
OFFICE OF THE MUNCIPAL EXECUTIVE
Jeetpur, Bara
Madesh Province, Nepal

Letter Of Intent (LOI)

Date Of Publication: 2082/01/09

This is to notify ( as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that we are going to award following contracts as per tender notice published on 28th Feb 2025 in National Daily Newspaper to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification crieterion.

| S.N. | Contract No. | Description of Work | Bidder's Name | Bidding Amount (With VAT) |
|---|---|---|---|---|
| 1. | JSMC/NCB/WORKS/30-2081/82 | Construction Of School Building And 2MFD Toilet JSMC 15 | N.N Construction, Birgunj-14, Parsa | Rs. 6239229.47 |
| 2 | JSMC/NCB/WORKS/31-2081/82 | Construction Of Agricultural Bazzar At JSMC 15 | Artic Engineering Consultancy And Construction PVT Ltd, jeetpursimara-14, Bara | Rs. 4083104.09 |

**Chief Administrative Officer**

मधेश प्रदेश सरकार
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
पर्यटन विकास कार्यालय
लहान, सिरहा
ईमेल-: tdosiraha@gmail.com

बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०१/०८)

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा मिति २०८१/११/२९ गते राष्टिय दैनिक पत्रिकामा प्रकाशित निम्न बमोजिमका शिलबन्दी बोलपत्र आव्हान **(e-bidding)** सम्बन्धि सुचना तथा www.bolpatra.gov.np/egp मा समेत प्रकाशित सुचना अनुसार निर्धारित समय भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये सबै भन्दा कम मुल्यमा कबोल गर्ने सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र यस कार्यालयको मिति २०८२/१/०७ गतेको निर्णय अनुसार स्वीकृतिको लागी छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) को दफा २७ को उप-दफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना प्रकाशन गरिएको छ |

तपशिल :

| सि.नं | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क र पि.एस बाहेक ) |
|---|---|---|---|---|
| १. | 17/NCB/WORKS/TDOSIRAHA/2081/82 | Phulkaha Katti Agadiko Pokhari Saundryakaran Dhangadhi Na.pa 6 Dangrani Mandir Saundrykaran Laxmipur Patari Ga.pa 1 Siraha | **Bridge Builders and Suppliers Pvt.Ltd., Kathmandu** | ३२,७९,९५२.३०/- |
| २. | 18/NCB/WORKS/TDOSIRAHA/2081/82 | Golbajar Na.pa Dhaminithan Dharmik Paryatakiya sthal Golbajar Na.pa , Arnama Ga.pa 4 maa Ramjanki Mandirko Compound wall Aewm Saundryakaran Nirman Karya | **Roshan Construction, Siraha Muncipality-01, Siraha** | ३२,९२,८६१.७०/- |
| ३. | 19/NCB/WORKS/TDOSIRAHA/2081/82 | Siraha Karjnaha 7 Salhesh Mandir Saundryakaran ra Mirchaiya 8 Kamaldah Paryatakiya chhetra Piknik Park Nirman | **Roshan Construction, Siraha Muncipality-01, Siraha** | ३१,८९,९८७.३५/- |

- कार्यालय प्रमुख

# सुरक्षित वीरगंजमा बैंकहरुको सहभागिता



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले सञ्चालन गरिरहेको 'सुरक्षित वीरगंज' अभियानअन्तर्गत सार्वजनिक सुरक्षा सुदृढ गर्न सिसी क्यामेरा सञ्जाल विस्तारका लागि नगरभित्रका १६ वटा बैंकले संयुक्त रूपमा १७ लाख ७५ हजार रुपैयाँ सहयोग गरेका छन् । अभियानमा सबैभन्दा ठूलो योगदान नबिल बैंकले ३ लाख रुपैयाँको सहयोगमार्फत गरेको छ । सहयोग सङ्कलनको समन्वय नेपाल बैंकर्स एसोसिएसन पर्साका संयोजक तथा लक्ष्मी बैंक वीरगंज शाखाका प्रमुख रोहिणी आचार्यले गरेका थिए । महानगर प्रमुख राजेशमान सिंहको आह्वानमा 'सुरक्षित वीरगंज' अभियानमा सहयोग गर्न बैङ्कहरू एकजुट भएका हुन् । सुरक्षा प्रविधिको प्रयोगद्वारा वीरगंजलाई सुरक्षित र व्यवस्थित शहर बनाउने उद्देश्यले गरिएको पहलमा बैङ्कहरूको योगदान प्रेरणादायक भएको नगर प्रमुख सिंहले बताए । महानगरपालिकाको पहल एवं सेफर वीरगंज र जिल्ला प्रहरी कार्यालयको सहकार्यमा सङ्कलित रकमबाट वीरगंजका विभिन्न स्थानमा थप नयाँ क्यामेरा जडान गरिने महानगर प्रमुख सिंहले जानकारी दिए । सिसीक्यामेराले शहरी सुरक्षामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउँदै पर्साका प्रहरी प्रमुख एसपी गौतम मिश्रले अभियानको प्रशंसा गरे ।
सोमबार बैङ्कहरूले उपलब्ध गराएको सहयोग महानगर प्रमुखको रोहबरमा सेफर वीरगंजलाई हस्तान्तरण गरिएको छ ।
यसैबीच, वीरगंज उद्योग वाणिज्य संघअन्तर्गत गठन गरिएको 'सेफर वीरगंज' समितिले वीरगंज नगर तथा वरपरका क्षेत्रलाई थप सुरक्षित बनाउने उद्देश्यका साथ विगत केही वर्षदेखि विभिन्न स्थानमा सिसिटिभी क्यामेरा जडान गर्ने कार्य गर्दै आएको छ । यस कार्यको विस्तार तथा मर्मत–सम्भारमा समेत समिति निरन्तर सक्रिय रहँदै आएको छ । नगरको सुरक्षा व्यवस्थालाई अझ सुदृढ र प्रभावकारी बनाउने उद्देश्यले हालै वीरगंज उद्योग वाणिज्य संघ, जिल्ला प्रहरी कार्यालय पर्सा र वीरगंज महानगरपालिकाबीच आपसी सहकार्य र सहयोगका लागि एक त्रिपक्षीय सम्झौता भएको छ ।
सम्झौताअनुसार आआफ्नो तर्फबाट सक्दो सहयोग गर्ने तथा अन्य प्रतिष्ठानबाट समेत आवश्यक सहयोग संकलन गरी वीरगंज नगर तथा आसपासका क्षेत्रमा थप सिसिटिभी क्यामेरा जडान गरिने प्रतिबद्धता जनाइएको छ । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक गौतम मिश्र, वीरगंज उद्योग वाणिज्य संघका उपाध्यक्षद्वय मनोजकुमार दास र आशिषकुमार लाठ, कोषाध्यक्ष अनोज रुँगटा, कार्यसमिति सदस्य पन्नालाल साहसहित विभिन्न बैंकका शाखा प्रबन्धकको उपस्थिति रहेको थियो ।



**घाँसको जोहोः** पर्साको पकहाँ मैनपुर गाउँपालिका–२ मानिपुरमा घरमा पालेको भैँसीका लागि घाँस काटेर फर्कदै गरेका कृषक ।
तस्बिरः रासस

# कतारमा उपचाररत नेपालीलाई दुबेको सहयोग

**राहुल गुप्ता**
**बारा**
कतारमा कार्यरत रहँदा बिरामी भई उपचार गराइरहेकालाई युवा नेता तथा समाजसेवी उमेश दुबेले आर्थिक सहयोग गरेका छन् । फेटा गाउँपालिका वडा नम्बर ७का समसुल मिया अंसारी काम गर्न कतार पुगेपनि बिरामी भई चार महिना यता उपचाररत छन् । दुवेले उनको उद्धार गर्न आग्रह गरेका छन् । ३८ वर्षीय अंसारीलाई उद्धार गर्नै पर्ने अवस्था देखिएको दुवेको तर्क छ । उनले अंसारीका विषयमा पूर्वमन्त्री ज्वाला




साहलाइ जानकारी गराउदै उद्धार कार्यमा मदत पुरयाउन आग्रह गरेका छन् । दुवेले आर्थिक सहयोगस्वरुप अन्सारीलाई ५ हजार रुपैया प्रदान गरेका छन् र अन्य मनकारी दातालाई सहयोगको अपिल गरेका छन् ।
स्थानीय सुनिल साहले अन्सारीको पहलमा उदाशीन बने सबै जागरुक भएर आन्दोलनमा उत्रने बताए ।

# सार्वजनिक जमिन खरिदमा राजपुर नगरपालिकाको प्रगति

**आरके श्रीवास्तव**
**गरुडा ।**
रौतहटको राजपुर नगरपालिकाले विकास निर्माणका साथै आवश्यकताअनुसार जमिन खरिदमा पनि निकै ध्यान दिएको छ । राजपुरले जमिनको अभाव पूरा गर्न र सार्वजनिक सेवा प्रवाहका लागि भविष्यमा पनि जमिनको अभाव हुन नदिने नीति लिएको छ ।




नगरपालिकाको प्रशासकीय भवन र कृषि भवन निर्माणको लागि ४२ लाख रुपैयाँको लागतमा ९ कट्ठा जमिन खरिद गरेको छ । नगरपालिकाको आफ्नै संरचना निर्माणका लागि जमिन किन्न गरिएको यो निकै महत्त्वपूर्ण निर्णय भएको स्थानीयको भनाइ छ । नगरपालिकाले विद्यालय, स्वास्थ्य चौकी तथा खानेपानी जस्ता आधारभूत सेवा र सुविधाका लागि आवश्यक जमिन खरिद गरेको निमित्त प्रमुख प्रशासकीय अधिकृत बैजु ठाकुरले बताए । धेरैलाई पायक पर्ने तथा सडक पुगेको ठाउँमा जमिन खरिद गर्नुपर्ने भएकाले नगरपालिकाले सबै विचार गरेर पर्याप्त मात्रामा जमिन किनेको ठाकुरको भनाइ छ ।
नगरपालिकाको नेतृत्वमा डा.मो. राजिक आलम निर्वाचित भएपछि सार्वजनिक सेवा प्रवाहका लागि जमिन खरिद गर्ने अभियान नै सञ्चालन भएको स्थानीयको भनाइ छ ।
नगर प्रमुख डा. आलमले शेख इद्रिश आधारभूत विद्यालयका लागि २२ लाख रुपैयाँमा १० कट्ठा, मावि बैरिया भवन निर्माणको लागि ४८ लाख रुपैयाँमा ९ कट्ठा, आफताब आधारभूत विद्यालयका लागि २२ लाख रुपैयाँमा ३ कट्ठा जमिन खरिद गरेका छन् । धेरै हदसम्म विद्यालयका लागि जमिनको तत्कालीन आवश्यकता पूरा गरिएको र अन्य केही विद्यालयको हकमा पनि विचार भइरहेको नगर प्रमुख डा. आलमको भनाइ छ ।
नगर प्रमुख डा.आलम भन्छन्, 'नगरपालिकामा स्वास्थ्य सेवाका लागि विभिन्न ठाउँमा आवश्यक मात्रामा जमिन खरिद गरिएको छ । राजपुर–५ मा स्वास्थ्य चौकी भवनका लागि १४ लाख रुपैयाँमा ३ कट्ठा, वडा नम्बर ४ मा वडा कार्यालय र स्वास्थ्य चौकी भवन निर्माणका लागि ३२ लाख रुपैयाँमा १ कट्ठा १० धुर, १५ शैय्याको नगर अस्पताल भवन निर्माणका लागि अपुग ४ कट्ठा जमिन ५८ लाख रुपैयाँमा खरिद गरिएको छ । बलुवा स्वास्थ्य चौकी भवनको लागि १ कट्ठा जमिन निःशुल्क उपलब्ध भएको छ । स्वास्थ्यको क्षेत्रमा सबै संरचना निर्माण भइसकेपछि निकै सहज हुने नगर प्रमुख डा. आलमको भनाइ छ ।
नगरपालिकाले वडा नम्बर ३ मा खानेपानीको लागि पनि १२ लाख रुपैयाँमा ४ कट्ठा जमिन खरिद गरिसकेको छ । हालसम्म राजपुर नगरपालिकाले २ करोड ५० लाख रुपैयाँको लागतमा प्रशासकीय भवन, कृषि भवन, विभिन्न विद्यालय, स्वास्थ्य चौकी र खानेपानी आदि संरचना निर्माणको लागि २ बिघा ३ कट्ठा १० धुर जमिन खरिद गरिसकेको निमित्त प्रमुख प्रशासकीय अधिकृत ठाकुरको भनाइ छ ।
राजपुर नगरपालिका सार्वजनिक सेवा प्रवाहको लागि सबै किसिमको अवरोध र बाधा व्यवधानलाई छिचोल्दै अगाडि बढिरहेको छ । युवा नेतृत्व भएको कारण सेवा प्रवाहमा सर्वसाधारणलाई निकै सजिलो भएको छ भने जग्गा जमिनको अभाव भएका संस्थालाई पनि सहज हुने गरी काम भइरहेको छ ।

# खातुनद्वारा मोक्तम शिलान्याश

**मधेशदृष्टि**
**रौतहट ।**
नेकपा एमाले मधेस प्रदेशकी सांसद जैनव खातुनले फतुवा विजयपुर नगरपालिका वडा नम्बर ५ सन्तपुर दोस्तियामा मोक्तम शिलान्यास गरेकी छन् । मुस्लिम समुदायको धर्मअनुसार मोक्तम विश्राम गर्ने स्थल हो । प्रदेश सांसद खातुनको पहल र मधेश प्रदेश सरकारका युवा खेलकुद समाज कल्याण मन्त्रालयले करिब चालीस लाख रुपैयाँको लागतमा दुई तले भवन बन्ने भएको छ । कार्य उपभोक्ता मार्फत काम हुनेछ, अध्यक्षमा तबरेज खा, कोषाध्यक्ष लालमुन खातुन, सचिव शेख सदाम रहेको प्रदेश सांसद खातुनले बताइन् ।
शिलान्याशमा नेकपा एमालेका प्रदेश सदस्य सहबान खा, पूर्व गाविस अध्यक्ष बुधाई खा, नेता शेख मोबिन, सुरेन्द्र यादव, शिउपुजन यादव, शेख नथुनी, शेख मज्रुल, राजा बाबु खा, शेख अफ्ताब लगायतका सहभागी थिए ।

# १४ जनालाई कपडा वितरण

**मधेशदृष्टि**
**बारा ।**
कलैया उपमहानगरपालिका वडा नम्बर २६ मा दलित, विपन्न तथा गरिब परिवारका १४ जना महिला र बालबालिकालाई निःशुल्क कपडा वितरण गरिएको छ । सामाजिक सहयोगको भावनासहित कपडा बैंकद्वारा सञ्चालन गरिएको यो अभियानले स्थानीय समुदायमा खुसीको माहोल सिर्जना गरेको छ ।
कार्यक्रममा वडा सदस्य सुबास मियाँ अन्सारी, नेपाल पत्रकार महासंघ बाराकी उपाध्यक्ष प्रियंका दास, मधेश प्रदेश महासंघ सदस्य साजिर मन्सुर, कपडा बैंक अध्यक्ष मुकदम अन्सारी, जसपा नेपालका केन्द्रीय सदस्य कलाम अन्सारी, सहजकर्ता प्रियंका कुश्वाहालगायतको उपस्थिति रहेको थियो । यसैबीच, बाराको करैयामाई गाउँपालिका वडा नम्बर १ स्थित हरैया टोलका एक नवविवाहित जोडीलाई पनि कपडा बैंकले विवाहका लागि आवश्यक कपडाहरू कोर्ट, पाइन्ट, सर्ट, जुत्ता, चप्पल, कुर्ता सुरुवाल हस्तान्तरण गरेको छ ।
आर्थिकरूपमा कमजोर पारिवारिक पृष्ठभूमिका कारण सहयोग गरिएको हो ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

**नेपाल एस बि आई बैंक लिमिटेडको रामपुर शाखा स्थानान्तरण सम्बन्धी सूचना**

यस नेपाल एस बि आई बैंक लि. को हाल पर्सा जिल्ला बिरगंज माहानगरपालिका वडा नं. ११, श्रीपुरमा सञ्चालनमा रहेको रामपुर शाखा कार्यालय **मिति २०८२ साल ज्येष्ठ महिनाको १८ गतेदेखि पर्सा जिल्ला बिरगंज माहानगरपालिका वडा नं. १५, प्रतिमा चोक स्थित नयाँ भवनमा** स्थानान्तरण भई बैकिङ्ग सेवा तथा कारोबार संचालन गरिने व्यहोरा यस बैंकका सम्पूर्ण ग्राहक महानुभावहरु तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, उक्त शाखा कार्यालय स्थानान्तरण गर्ने क्रममा यस शाखा कार्यालयमा अवस्थित लकर समेत स्थानान्तरण हुने भएकाले लकर सुविधा उपभोग गर्दै आउनु भएका ग्राहक महानुभावहरुलाई लकरमा कुनै किसिमको टुटफुट हुने सरसामान राख्नु भएको अवस्थामा स्थानान्तरण गर्ने क्रममा सरसामानहरुमा क्षति हुनसक्ने सम्भावना भएको हुँदा शाखा कार्यालय स्थानान्तरण गर्ने उल्लेखित मिति अगावै बैंकको शाखा कार्यालयमा सम्पर्क गरी सो लकरमा भएको सरसामानहरु निकाली सुरक्षित गर्न हुन सूचित गरिन्छ । लकर स्थानान्तरण गर्ने क्रममा कुनै क्षति हुनगएमा बैंक जवाफदेहीहुने छैन ।
उक्तशाखा स्थानान्तरण कार्यले ग्राहक महानुभावहरुलाई पर्न गएको असुविधाका लागि क्षमाप्रार्थी छौं ।

प्रधान कार्यालय, कमलादी
काठमाण्डौ, नेपाल
फोन नं. ०१-४४३५६१३

सम्पर्क कार्यालय
रामपुर शाखा कार्यालय
सम्पर्क नम्बरः ०५१-५३३३४३

# पचरौतामा रक्तदान सम्पन्न

**मधेशदृष्टि**
**बारा ।**
पचरौता नगरपालिकाले नगर प्रमुख जीवन रक्षा कार्यक्रमअन्तर्गत बृहत खुला रक्तदान कार्यक्रम गरेको छ । पचरौता नगरपालिकाको सभाहलमा आयोजित कार्यक्रममा ६० जना दाताले स्वेच्छिक रक्तदान गरेका छन् । रक्तदान कार्यक्रम नगरप्रमुख जलन्धर सिंह जैसवालको प्रमुख आतिथ्यमा र स्वास्थ्य शाखा प्रमुख सुरेन्द्र प्रसाद साहको अध्यक्षतामा भएको हो । कार्यक्रममा विशिष्ट अतिथि नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाका सभापति बृजकिशोर पटेल, पर्सा कार्यालय प्रमुख वीर समशेर कुर्मी लगायतको उपस्थिति थियो । कार्यक्रममा कन्हैया कुमार साह, मनजुर आलम लगायतले रक्तदान गरेका थिए ।

# दुर्घटनामा मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जगरनाथपुर गाउँपालिकामा मोटरसाइकल दुर्घटना हुँदा एकजनाको ज्यान गएको छ भने चालक घाइते भएका छन् । सोमबार बिहान जगरनाथपुर गाउँपालिका–२, पाण्डेपुरस्थित सडकमा ग५प ८३१ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना भएको थियो । दुर्घटनामा जिराभवानी गाउँपालिका–२ निवासी ३० वर्षीय बिहारी राम गम्भीर घाइते भएका थिए । उनीलाई तत्काल उपचारका लागि बारास्थित एलएस न्यूरो अस्पताल लैजाँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । दुर्घटनामा मोटरसाइकल चालक पनि घाइते भएका छन् । हाल उनको एलएस न्यूरो अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । दुर्घटनाको कारण र विस्तृत विवरणबारे प्रहरीले अनुसन्धान अघि बढाएको छ ।

# भारतीय रुपैयाँसहित युवक पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट प्रहरीले स्रोत नखुलेको रकमसहित पक्राउ परेका एक जनालाई सोमबार सार्वजनिक गरेको छ । मौलापुर नगरपालिका वडा नम्बर–६ स्थित परशुरामपुर सडकखण्डनजिकै जाँचक्रममा भारतबाट अवैध रूपमा भित्रिएको ठूलो रकमसहित आइतबार भारतीय नागरिकलाई पक्राउ गरिएको हो ।
प्रहरीको टोलीले भारत बिहार मोतिहारी जिल्लाको कुन्डवा चैनपुर ग्राम पञ्चायत घर भएका २१ वर्षीय राज किशोर ठाकुरलाई नियन्त्रणमा लिएको प्रहरी प्रवक्ता दीपककुमार रायले बताए ।
उनका अनुसार पक्राउ परेका ठाकुरका साथबाट ८ लाख भारतीय रुपैयाँ फेला परेको छ ।
साथै उनको साथबाट बीआर ०५ एसी ९४७७ नम्बरको मोटरसाइकलसमेत बरामद भएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार ५ सय रुपैयाँ दरका ६ लाख, २ सय रुपैयाँ दरका १ लाख र १ सय रुपैयाँ दरका १ लाख भारतीय रुपैयाँ बरामद भएको छ । बरामद रकमको कुनै स्रोत खुलाउन नसकेपछि ठाकुरलाई आवश्यक अनुसन्धानका लागि नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

सम्पादकीय

# शिक्षकको आन्दोलन र मन्त्रीको राजीनामा

*एकातिर नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा सपरिवार विदेश भ्रमणमा जानु भएको छ । एउटा शहरमा उपचार र अर्को शहरमा फलोअपको अर्थ के हो भन्दै कांग्रेसकै नेताहरुले सोधेका छन् । यो प्रश्नको उत्तर देउवाले दिनु भएको छैन । तर प्रश्न हल्का छैन । यता, शिक्षकहरुको आन्दोलन चलिरहँदा शिक्षामन्त्री विद्या भट्टराईले राजीनामा दिनु भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीसँग छलफलपछि उहाँले राजीनामा दिनु भएको हो । शिक्षकको आन्दोलनका कारण प्रधानमन्त्रीकै पार्टीका मन्त्रीले राजीनामा दिनु रहस्यकै विषय हो । किनभने स्वयम् प्रधानमन्त्री र पार्टीका प्रमुख सचेतक महेश बर्तौलाले नै शिक्षक आन्दोलनबारे डटेर सामना गरिरहेका बेला शिक्षामन्त्रीको हठात् राजीनामा किन ? चौतर्फी प्रश्न उब्जिएको छ । मन्त्री भट्टराईको राजीनामाले शिक्षक आन्दोलनका माहौल तातिरहँदा सरकारको माहौल तैँ कमजोर भएको त होइन भन्ने सन्देश प्रवाह गरेको छ।*

*अर्कातिर शिक्षकहरुको आन्दोलनसँगै मुलुकमा राजावादीको आन्दोलनले पनि सरकारलाई अप्ठेरो परेको छ । सरकारले राप्रपाका तीन सांसदलाई निषेधित क्षेत्रबाट पक्राउ गरेको थियो । यस्तै, राप्रपाका महामन्त्री डा. धवलशमशेर राणा पनि तीन साता बढी हिरासत बस्नु भयो । उहाँलाई छाडिएको छ । तर यसमा पनि नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा फ्याक्टरले काम गरेको भनिएको छ । डाक्टर राणा र शेरबहादुर देउवाको ससुराली परिवार राणा घरानाकै कारण वर्तमान सरकारले थुन्न र मुद्दा लगाउन चाहँदा सत्ता साझेदारको असहमतिले सरकारले छाड्नु परेको बताइएको छ । अर्कातिर नेकपा माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टीसँगै जनमत पार्टीका नेताहरु पनि सरकारले शिक्षकको माग पूरा नगरेको भन्दै एकस्वर भएका छन् । सत्तामा रहेका दलहरुले पनि सरकारले शिक्षकको माग पूरा गरेन भनेर बोल्नुमा केही न केही रहस्य त पक्कै छ, जति रहस्य शिक्षामन्त्रीको राजीनामामा छ।*

*जे होस्, लाखौँ बालबालिकाको भविष्य गोलमाल पार्ने गरी भइरहेको शिक्षकको आन्दोलनले उनीहरुका माग पूरा हुन सक्ला, नसक्ला र आन्दोलनले बहुमतको सरकारको पनि राजीनामा शृंखला चल्दोरहेछ भन्ने सन्देश प्रवाह भएको छ । यो सन्देशसँगै कतै सरकार कमजोर भएको या पार्ने शक्तिहरु बलियो भएको संकेत त होइन भन्ने शंका सबैतिर उब्जिएको छ । बाँकी खुल्दै जाने विषय हुन् ।*

# आउँदो मनसुन अनि सम्भावित महामारीको जोखिम



डा. शेरबहादुर पुन

'यो वर्ष कुन सङ्क्रमण प्रकोप–महामारीका रुपमा देखिएला ?' यो प्रश्नको तत्काल सटिक उत्तर त नहोला तर विगतको अनुभव अनि कमजोरीबाट भने सम्भावित सङ्क्रमण महामारीको अनुमान गर्न भने सकिन्छ । नेपालले बर्सेनि विशेषतः मनसुनको समयमा कुनै न कुनै प्रकोपको सामना गर्दै आइरहेको इतिहास छ । यसमा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपले थप समस्या दिएको देखिन्छ । एक दशकअगाडिसम्म पानीजन्य सङ्क्रमणको महामारी बढी देखिने गर्दथ्यो भने पछिल्ला केही वर्षयता तुलनात्मक रुपमा कीटजन्य रोगले तीव्र गति लिइरहेको देखिन्छ । यद्यपि पानीजन्य सङ्क्रमणको जोखिमपूर्ण रुपमा नियन्त्रणमा आइसकेको भन्न खोजिएको भने होइन । अब चाँडो नेपालमा मनसुनको प्रवेश हुँदै गर्दा मौसमी महामारीको जोखिम पनि बढ्दै गइरहेको छ । विगतका अनुभवहरुका आधारमा सम्भावित महामारीको विश्लेषण यहाँ गर्न खोजिएको हो।

डेङ्गु

केही दिनअगाडि समकक्षीहरुसँग बसिरहेको बेला लामखुट्टे अघिपछि गरिरहेको थियो । मनसुन भित्रिसकेको त छैन तर लामखुट्टे सक्रिय हुनु केही अस्वाभाविक तर बढी चिन्ताको विषय भने पक्कै मान्नु पर्दछ । स्मरण रहोस्, सन् २०१९ मा धरानमा डेङ्गु अचानक फैलँदा नेपालमा मनसुन प्रवेश गरिसकेको अवस्था थिएन । अर्थात् त्यो बेला बेमौसमी झरी पर्दा लामखुट्टेको अस्वाभाविक वृद्धि अनि एकपछि अर्को जिल्ला हुँदै डेङ्गु अन्तत्वोगत्वा काठमाडौँसम्म आइपुग्दा काठमाडौँवासीले पहिलोपटक डेङ्गुको ठूलो चुनौतीको सामना गर्नु परेको थियो । आधिकारिक तथ्याङ्कलाई हेर्ने हो भने हाल केही वर्षयता लगभग १२ महिनाजसो डेङ्गु देखिन थालेको छ । ठूलो र लामो महामारीको रुप लिने हो भने मनसुन शुरू भएदेखि नै डेङ्गु फैलन थाल्ने गरेको अनि कुनै निश्चित ठाउँमा प्रकोपको रुप लिँदा भने 'पोष्ट मनसुन' अर्थात् दसैँ–तिहार पछि डेङ्गु देखिने गरेको लेखकको अनुभव छ । सन् २०२२ मा डेङ्गुले काठमाडौँमा विनाशकारी महामारी निम्त्याएको थियो । यो सन् २०१९ पछि तीन वर्षको अन्तरालमा देखिएको सबैभन्दा ठूलो महामारी थियो । नेपालको तथ्याङ्कलाई हेर्ने हो भने दुईदेखि तीन वर्षको अन्तरालमा डेङ्गुले प्रकोप–महामारीको स्वरुप लिने गरेको छ । प्रत्येक महामारीसँगै भाइरसको सङ्क्रामकता, आक्रमकता र जटिलता पनि बढ्दै गएको देखिन्छ । यसर्थ पनि अब काठमाडौँमा डेङ्गुले कुनै पनि समयमा नयाँ महामारीको लहर निम्त्याउन सक्ने प्रबल सम्भावनालाई नकार्न सकिँदैन । र, त्यो विगतको भन्दा अझ बृहत् नहोला भन्न सकिँदैन । तर, दुर्भाग्य नै भन्नुपर्छ कि हामीले अझ पनि डेङ्गु रोक्ने उपायहरुलाई गम्भीरताका साथ लिने वा नियन्त्रणका लागि पर्याप्त प्रयास गरेको भने देखिँदैन।

स्क्रब टाइफस

यो रोग 'ओरिएनटा सुसुगामुसी' नामक ब्याक्टेरियाका कारणले हुने गर्दछ । यो चिगर माइट नामक किर्नाको टोकाइका कारणबाट हुने कीटजन्य रोग हो । सन् २०१५ मा केही बालबालिकाको मृत्यु स्क्रब टाइफसले भएको प्रमाणित भएपछि यसले नेपालमा विशेष चर्चा पाएको हो । कतिपयले २०७२ सालको भूकम्पले गर्दा यो रोग फैलिएको–देखिएको भने तापनि यो ब्याक्टेरिया दुई दशकअगाडि नै नेपालमा देखिइसकेको अध्ययन–अनुसन्धानहरुले देखाएका छन् । तर, धरान घटनाअगाडिसम्म स्क्रब टाइफस नियमित परीक्षणमा समावेश नहुने हुँदा यसको अवस्थाका बारेमा सन् २०१५ अगाडि अनभिज्ञ नै देखिन्छ । नेपालमा बर्सेनि विशेष गरेर मनसुन 'सिजन'मा स्क्रब टाइफसको सक्रियता बढी देखिने गरेको अस्पताल तथ्याङ्कहरुले देखाउँछन् । केहीको उपचारमा ढिलाइ हुँदा वा उपचारका क्रममा मृत्युसमेत हुने गरेको देखिन्छ । विशेषतः गाउँघरतिर अथवा वनजङ्गल जाँदा (घाँसदाउरा काट्न जाँदा) अथवा पछिल्लो समय शहरमा हाइकिङमा जाने बढ्दो प्रचलनले पनि स्क्रब टाइफसको जोखिम बढेको देखिन्छ । कुनै कारणले अग्ला वा ठूला झाडीमा वा घाँसेमैदानको सम्पर्कमा आउँदा मानिसमा चिगर माइट टाँसिने अनि त्यसले टोक्ने गर्दछ र स्क्रब टाइफस रोगको सम्भावना बढेर जाने गर्दछ । अहिले पनि धेरैले ज्वरोलाई बेवास्ता गर्दा स्क्रब टाइफसले जटिल अवस्था लिएको देखिन्छ । स्क्रब टाइफससम्बन्धी जानकारीलाई अझै प्रभावकारी रुपमा प्रचार गर्नुपर्ने खाँचो छ।

हैजा

दुई दशकअगाडि काठमाडौँमा हैजाका बिरामी नियमित जस्तो देखिन्थे । नियमित मात्र होइन मनसुन शुरू भएसँगै अस्पताल नै भरिभराउ हुने गर्दथ्यो । घण्टा बित्न नपाउँदै ४०–५० जना अस्पताल भर्ना हुन आउने गरेको लेखकको अनुभव छ । हाल त्यो भयावह अवस्था छैन तर हैजालाई नेपालमा इतिहासमा सीमित राख्न सकेको अवस्था पनि छैन । काठमाडौँमा अहिले पनि हैजा नियमित जस्तो देखिने गरेको पाइन्छ । केही वर्षपहिले हैजाका कारणले नवलपरासीमा केही बिरामीको मृत्यु भएको थियो । हैजा कडा भएको अवस्थामा पनि तुरुन्तै उपचार पाए मृत्युको सम्भावनालाई घटाउन सकिन्छ । तर, भौगोलिक रुपमा विकट एवं दुर्गम ठाउँहरुमा जटिल प्रकृतिको हैजा देखिए त्यसबाट व्यक्तिको मृत्यु पनि हुने सम्भावना रहन्छ । किनभने त्यस्ता ठाउँबाट बिरामीलाई सुविधासम्पन्न अस्पतालसम्म समयमा ल्याउन कठिन हुने गर्दछ । जस्तै, सन् २००९ को अप्रिल–जुलाई महिनामा जाजरकोटमा १ सय ११ जनाको हैजाका कारण ज्यान गयो । जाजरकोटमा धेरै पटक हैजा दोहोरिएको पनि देखिन्छ । अर्थात् हामीले यो घटनाबाट पाठ सिकेको वा गम्भीर भएको देखिँदैन । हाल हैजा फैलने तरिका वा स्रोतमा पनि केही फरक देखिन थालेको छ । हैजा मुख्यतया पानी अनि सङ्क्रमित खानेकुराबाट फैलने गर्दछ । पछिल्लो समय मानिसहरु पानी र खानेकुरामा केही हदसम्म सजक हुन थालेका देखिन्छन् । तर, बजारमा पाइने कतिपय जारका वा बोतलमा राखिएका पिउने पानीमा नियमितजसो कोलिफोर्म भेटिएका खबर आइरहेका छन् । अर्थात् यसलाई दिसा मिसिएको पानी घरघर पुग्ने गरेको सङ्केतका रुपमा लिन सकिन्छ । यस्ता पानी निर्मलीकरण गरेर नपिउने भएकाले हैजाको जोखिम बढेको हो । त्यस्तै केही दिनयता झिङ्गा पनि यत्रतत्र देखिन शुरू भएको छ । झिङ्गा पनि हैजा फैलाउने एक माध्यम हो । विगतमा झिङ्गाबाट रोग फैलिन्छ भनेर नियमित रुपमा जानकारीहरु प्रवाह भइरहन्थ्यो, तर आजभोलि यस्तो प्रचारमा कमी आएको छ । त्यस्तै व्यावसायिक पानीको नियमित तथा प्रभावकारी अनुगमन नहुँदा हैजाको जोखिम यथावत् देखिन्छ र यसबाट प्रकोप–महामारीको सम्भावनालाई बढाएको छ।

–जापानिज इन्सिफलाइटिस

लामो समयको अन्तरालपछि नेपालमा गत वर्ष जापानिज इन्सिफलाइटिस अस्वाभाविक रुपमा बढेको थियो जसका कारण कम्तीमा १४ जनाको ज्यान गएको थियो । यो अघिल्लो वर्षको भन्दा दोब्बर थियो । त्यस्तै यस भाइरसबाट ६० भन्दा बढी व्यक्ति सङ्क्रमित भएका थिए । यसबाट जापानिज इन्सिफलाइटिसले 'स्टेप ल्याडर' तरिकाले पुनः देखिने गर्दै गइरहेको देखिन्छ । त्यसो भए 'के यो वर्ष पनि सङ्क्रमित र मृत्युदरको सम्भावना छ त ?' भन्ने प्रश्न गम्भीर रुपमा देखा परेको छ । यो प्रश्नको उत्तर केही हदसम्म बर्सेनि बढ्दो सङ्क्रमणको कारण र फैलन रोक्ने पूर्वतयारीको अवस्थाले तय पनि गर्नेछ । यो भाइरसविरुद्ध प्रयोग भएका खोपको प्रभावकारिताको अवधि वा खोपले निरन्तरता पाए–नपाएको जानकारी पनि महत्वपूर्ण हुनेछ । जापानिज इन्सिफलाइटिस फैल्याउने लामखुट्टे मनसुनमा सक्रिय भइरहेको अवस्थाको सङ्केत गत वर्ष देखिएको जापानिज इन्सिफलाइटिस बिरामीको संख्याबाट पनि अनुमान गर्न सकिन्छ । यसर्थ यो वर्ष पनि विगतको वर्षभन्दा फरक हुने सम्भावना कमै छ।

श्वासप्रश्वास सङ्क्रमण

बर्सेनि मनसुनको मध्यतिर श्वासप्रश्वास सङ्क्रमण विशेषत फ्लु भाइरसको लहर देखिने गर्दछ । विगतको अनुभवलाई आधार मान्ने हो भने फ्लु भाइरसले बेलाबेलामा महामारीको रुप समेत लिने गरेको देखिन्छ । कोभिड–१९ अगाडि 'एचवानएनवान पिडिएम ०९' नामक फ्लु भाइरस प्यानडेमिक घोषणा भएको थियो । सन् १९१८ मा पनि 'स्पेनिस फ्लु' को नामले चिनिने फ्लु भाइरसले अनुमानित पाँच करोड मानिसको ज्यान लिएको तथ्याङ्क छ । हुन त नेपालमा यसलाई 'भाइरल' वा सामान्य रुघाखोकीका रुपमा लिने चलन भए तापनि ज्येष्ठ नागरिक, दीर्घरोगी, बालबालिकाको स्वास्थ्यलाई जटिल बनाउने गरेको देखिन्छ । फ्लुविरुद्ध उपलब्ध खोपले सङ्क्रमणलाई जटिल हुनबाट रोक्न धेरै हदसम्म सहयोगी हुने गर्दछ । फ्लु सक्रिय भएको अवधिभरि बाहिर वा सार्वजनिक स्थानमा जाँदा मास्क लगाउने तथा घरमा आएपछि राम्ररी साबुनपानीले हात धुने बानीले पनि सङ्क्रमण रोक्न धेरै हदसम्म सहयोगी हुनेछ । यस्ता जानकारीहरु विभिन्न सञ्चारका माध्यममार्फत निरन्तर जानकारी दिने अनि विद्यालयमा पनि विद्यार्थीलाई अनिवार्य सिकाउन सके अझ प्रभावकारी हुनेछ।

अज्ञात वा आयातित सङ्क्रामक रोग

नेपालमा हाल पनि औँलामा गन्न सक्ने सरुवा रोगलाई वा सङ्क्रमणलाई नियमित परीक्षणमा समावेश गर्ने गरिन्छ । यसर्थ पनि अधिकांश बिरामीमा ज्वरोका कारण पत्ता लाग्ने गरेको पाइन्न । नेपालीहरु हरेक हप्ता हजारौँको संख्यामा रोजगारीका लागि विदेश जाने गर्दछन् । त्यहाँबाट नेपालमा पहिला नदेखिएका सङ्क्रमणहरु भित्रिन सक्ने जोखिम उच्च हुने गर्दछ । कोभिड–१९, अफ्रिकी मलेरिया, चण्डीपुरा भाइरस जस्ता भाइरसहरु नेपालमा पछिल्लो समय भित्रिएका केही रोगहरुका नाम हुन् । जिका भाइरस, निपाह भाइरस, क्यासिनुर फोरेस्ट डिजिज (मङ्की ज्वरो), मर्स कोरोना भाइरसजस्ता सङ्क्रामक रोगहरु छिमेकी देश भारत वा मध्यपूर्वका देशहरुमा देखिँदै आइरहेका छन् जुन नेपालका लागि पनि जोखिम मान्नु पर्दछ । यी सङ्क्रमणहरु नियमित परीक्षणको सीमितताले गर्दा नेपाल भित्रिएका वा भित्रिनसकेका भनेर यकिन भने गर्न सकेको छैन । हाल नभित्रिएको रहेछ भने पनि आगामी दिनहरुमा भित्रिंदैन भन्ने कुनै आधार पनि देखिँदैन । यी उल्लिखित रोगहरु पनि हावाजन्य वा कीटजन्य सङ्क्रमणहरु नै भएकाले मनसुन सिजनमा फैलन सक्ने जोखिम रहन्छ । तसर्थ हाल उपलब्ध नियमित परीक्षणबाट पत्ता नलागेका सङ्क्रमणलाई थप परीक्षणको व्यवस्था गर्नु उचित हुनेछ । किनभने हाल यी पुष्टि हुन बाँकी रहेका सङ्क्रामक रोगले भोलि प्रकोप वा महामारीको रुप नलेला भन्न सकिँदैन । यसको बलियो उदाहरणका रुपमा सन् २००४ मा एकजनामा पुष्टि भएको डेङ्गु भाइरस हाल आएर नेपालका लागि सबैभन्दा ठूलो चुनौतीका रुपमा खडा हुनु नै हो।

अन्तमा, सङ्क्रमणले महामारीको स्वरुप लिइसकेपछि आत्तिने अनि सकिएपछि बिर्सने बानी हाल पनि यथावत् नै देखिन्छ । कोभिड–१९ र सन् २०२२ को डेङ्गु महामारी यसको ज्वलन्त उदाहरणका रुपमा लिन सकिन्छ । मनसुन अगाडि विगतका अनुभव तथा उपलब्ध स्रोतसाधनका आधारमा योजना बनाउने अनि मनसुन शुरू भएसँगै योजनाको कार्यान्वयन पक्षलाई लागू गर्नुपर्दछ । माथि उल्लिखित सङ्क्रामक रोगहरु आगामी दिनहरुमा (मनसुनमा) प्रकोप–महामारीका रुपमा देखिन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । रासस

# शिक्षक आन्दोलनः संवादबाट 'प्याकेज'मा निकास खोजिँदै

नारायण न्यौपाने

२१ दिनदेखि काठमाडौँकेन्द्रित सडक आन्दोलनमा रहेको नेपाल शिक्षक महासङ्घका जायज र सम्भव हुने माग पूरा गर्न सरकार र संसद्ले पहल गरिरहेको छ । प्रधानमन्त्री केपी शर्मा ओली र प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले नेपाल शिक्षक महासङ्घका पदाधिकारीसँग वैशाख ५ गते बेग्लाबेग्लै भेट गरी शिक्षक आन्दोलन र समस्या समाधानका विकल्पका विषयमा छलफल गर्नुभएको थियो।

निकासकै सन्दर्भमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेल, नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पनि आ–आफ्नोतर्फबाट पहल गरिरहनुभएको छ । उच्चस्तरीय राजनीतिक पहलसँगै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र महासङ्घबीच अनौचारिक तहमा कुराकानी भइरहेको छ । ती कुराकानीका आधामा मन्त्रालयले सरकारका तर्फबाट तत्काल सम्बोधन गर्न सकिने शिक्षकहरुको मर्यादाक्रम निर्धारण र सरकारी अस्पतालमा उपचारलगायत विषयमा मन्त्रिपरिषद्मा प्रस्ताव लगेर निर्णय गराउने तयारी गरेको छ।

शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले विद्यालय शिक्षा विधेयक, २०८१ ले नसमेटेका व्यावहारिक र न्यायिक मागलाई पारस्परिक संवादका आधारमा प्याकेजमा सम्बोधन गर्नेगरी तयारी भइरहेको जानकारी दिनुभयो । उहाँले राजनीतिक र प्रशासनिक रुपमा एकैसाथ शिक्षकहरुका माग र मुद्दाका बारेमा सुनुवाइसहित सम्बोधनमा गरिने बताउनुभयो।

विगतका सहमतिका आधारमा विद्यालय शिक्षा विधेयक, २०८१ छिटो पारित हुनुपर्नेलगायत माग राखेर महासङ्घको आह्वानमा यही चैत २० गतेदेखि शिक्षकहरुले काठमाडौँकेन्द्रित आन्दोलन जारी राखेका छन् । प्रधानमन्त्री ओलीले आन्दोलनमा उठाइएका जायज मागका सम्बन्धमा गृहकार्य गरी वार्ता र संवादबाट समस्याको समाधान गर्न गत चैत २५ गते उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई र शिक्षा मन्त्रालका उच्चाधिकारीसहितलाई निर्देशन दिनुभएको थियो।

ती भेटवार्तापछिका हरेक दिन सडकमै आई नयाँ शिक्षा ऐन मागका पक्षमा आवाज उठाइरहेको महासङ्घले आन्दोलनका कार्यक्रम अवधिलाई छोट्याउँदै आएको छ । यसै सन्दर्भमा महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले अनौपचारिक कुराकानी भए पनि ठोस उपलब्धि हासिल नभएकाले अझै केही दिन आन्दोलन गर्नुपर्ने स्थिति रहेको बताउनुभयो । उहाँले आन्दोलनका क्रममा शिष्ट र मर्यादित हुन शिक्षकहरुलाई आह्वान पनि गर्नुभएको छ । नयाँ शैक्षिकसत्र आरम्भ भइसकेको अवस्थामा भर्ना प्रक्रियासहित पठनपाठन सञ्चालनका लागि स्थानीय तहहरुले सार्वजनिक आग्रह पनि गर्न थालेका छन्।

लगातारको आन्दोलनका कारण शिक्षकहरु थकित हुन थालेका छन् भने बबरमहल र नयाँ बानेश्वर क्षेत्रका सवारी आवागमनमा असुविधा हुँदै आएको छ । मन्त्रिपरिषद्को यही वैशाख २ गतेको बैठकले सङ्घीय संसद्मा विचाराधीन रहेको विद्यालय शिक्षा विधेयक यथाशक्य पारित गर्ने समेतका प्रयोजनका लागि सङ्घीय संसद्को अधिवेशन आह्वान गरेको छ । सरकारका तर्फबाट सो विधेयक पारित गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने प्रतिबद्धतासहित सो प्रयोजनका लागि यही वैशाख १२ गते शुक्रबार दिउँसो १ बजे सङ्घीय संसद् बैठकको आह्वान गर्ने निर्णय भएको छ । संसदीय समितिमा विचाराधीन रहेको विधेयकलाई यही वैशाखको तेस्रो सातासम्म संसद्को बैठकमा प्रस्तुत गर्न विधायकी पहल भइरहेको छ।

मन्त्रिपरिषद्को सोही बैठकले महासङ्घले उठाएका मागहरुको यथोचित सम्बोधन गर्ने सम्बन्धमा संवाद निरन्तर रहेको र अझै संवाद गर्न सरकार संवेदनशील र गम्भीर रहेकाले विद्यालय भर्ना अभियान, एसइईको उत्तरपुस्तिका परीक्षण र कक्षा १२ को परीक्षालाई ध्यान दिएर आन्दोलन फिर्ता गरी विद्यालय फर्कन शिक्षकहरुलाई आह्वान गरेको थियो।

सरकार र तत्कालीन आन्दोलनरत संयुक्त राहत शिक्षक संयुक्त आन्दोलन परिचालन समितिबीच २०८० असोज ५ र १२ गते विभिन्न सहमति भएको थियो । तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईको उपस्थितिमा नेपाल शिक्षक महासङ्घका तत्कालीन अध्यक्ष कमला तुलाधर र राहत शिक्षक सङ्घर्ष समितिका अध्यक्ष खेमराज अधिकारीलगायतसँग भएको वार्तामा सो सहमति भएको थियो।

सहमतिबमोजिम प्रतिनिधिसभामा दर्ता भएको विद्यालय शिक्षासम्बन्धी विधेयकमा कार्यरत राहत दरबन्दीमा रहेकाको हकमा शिक्षक स्थायी पदपूर्ति प्रक्रियामा उमेर हद नलाग्ने, शत्प्रतिशत आन्तरिक प्रतिस्पर्धा गर्न र सेवा अवधि पनि शत्प्रतिशत जोड्न संशोधन प्रस्ताव गर्ने उल्लेख थियो । यसैगरी साबिक उच्चमाविका शिक्षकलाई आन्तरिक प्रतिस्पर्धा र बाल विकासका शिक्षकलाई दरबन्दी कायम गर्ने पनि सहमति भएको थियो।

तर, यसबीचमा विशेषगरी शिक्षा सङ्कायअन्तर्गतका विभिन्न क्याम्पस तथा विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी एवं भर्खरै अध्ययन पूरा गरेको युवा, अभिभावक सङ्घसंस्था, विद्यार्थी सङ्घसङ्गठन, नागरिक समाज, स्थानीय निकाय र मुलुकको आर्थिक स्रोतसाधनसहित नीतिगत एवं व्यावहारिक पक्ष पनि केही हदसम्म शिक्षकका माग पूरा गर्न बाधक बनेको देखिन्छ । विभिन्न बाधाअवरोधका बाबजुद पनि यसअघि भएका सहमति र सम्झौता कार्यान्वयन गरी 'गुरु'हरूको माग सम्बोधन गर्न कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता सरकारका तर्फबाट व्यक्त गरी सोही अनुसार शिक्षक महासङ्घका प्रतिनिधिहरूसँग नियमित छलफल तथा भेटघाट भइरहेका सुखद समाचार पनि आइरहेका छन् । संसद्को अधिवेशन सुरु हुन लागेको, शिक्षकहरू मागका सन्दर्भमा सम्बद्ध विभिन्न मन्त्रालयहरूका बीच चरणबद्ध छलफल भइरहेको, शिक्षक महासङ्घका पदाधिकारीहरूसँगको भेटवार्ता सकारात्मक भएको अवस्थालाई समेत दृष्टिगत गर्दा अब छिट्टै माग सम्बोधन भई शिक्षाको दियो बाली गाउँ, समाज र देशलाई अग्रगतिमा लैजाने गुरुहरू नियमित कामकाजमा फर्कनुहुने विश्वास गर्न सकिन्छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# शिक्षकले उठाएका माग समाधानमा सरकार गम्भीर छः ऊर्जामन्त्री खड्का

**काठमाडौं ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले शिक्षकले उठाएका माग समाधानमा सरकार गम्भीर भएको बताएका छन ।

मन्त्री खड्काले सोमवार गृहजिल्ला सङ्खुवासभाका शिक्षकसँग सोमवार गरेको अन्तरक्रियामा आन्दोलनरत शिक्षकको जायज मागप्रति सरकार सकारात्मक रहेको बताए । शिक्षकहरूले उठाएका मागहरू समाधान गर्न शिक्षामन्त्री, प्रधानमन्त्री तथा सरकार प्रतिबद्ध रहेको उनको भनाइ थियो ।

'प्रधानमन्त्री, मन्त्री वा जुनसुकै तहको नेतृत्वमा पुग्दा शिक्षकको योगदान अविस्मरणीय छ, शिक्षकहरू सधैँ सम्मानित र आदरणीय पात्र हुनुहुन्छ', उनले भने । उनले संविधान निर्माणदेखि गणतन्त्र स्थापनासम्मको यात्रा शिक्षकको योगदान महत्त्वपूर्ण भएको उल्लेख गरे ।

'माओवादी जनयुद्ध, विभिन्न द्वन्द्व, भूकम्प, कोरोना महामारी तथा विश्वव्यापी आर्थिक असन्तुलनका समयमा शिक्षक मात्र होइन, सम्पूर्ण राष्ट्र प्रभावित भयो, अहिलेको आर्थिक सुधारको चरणमा शिक्षकको आन्दोलनले विकासमा अवरोध पु¥याउन सक्छ, त्यसतर्फ पनि सरकारले हेर्नुपर्ने अवस्था छ,' मन्त्री खड्काले भने ।




उनले मुलुक निर्माणमा सरकार पक्ष वा विपक्ष सबैको भूमिका उत्तिकै महत्वपूर्ण हुने भएकाले सबैले सघाउनुपर्ने बेला आएको बताए । मन्त्री खड्काले ऐन संशोधनजस्ता विषयहरू कानुनी प्रक्रिया भएकाले ढिलो हुन सक्ने भएकाले विगतमा भएका सहमति कार्यान्वयनको प्रयासमा सरकार गम्भीर रहेको स्पष्ट पारे ।

वार्ता र छलफल नै समस्या समाधानको एकमात्र उपाय हो, शिक्षकहरूको आन्दोलन जायज भए पनि सडक आन्दोलनको अवस्थामा गणतन्त्र विरोधी शक्तिहरूले फाइदा उठाउन सक्ने सम्भावनालाई आन्दोलनरत पक्षले पनि विचार गर्नुपर्ने उनको भनाइ थियो ।

मन्त्री खड्काले आन्दोलनका कारण विद्यार्थीहरू शिक्षाबाट वञ्चित नहोस् भन्ने चिन्तामा सरकार रहेको बताए । आन्दोलनलाई वार्तामार्फत समाधान गर्न आन्दोलनरत पक्षलाई उनले आग्रह गरे ।

नेपाल शिक्षक सङ्घ कोशी प्रदेशका अध्यक्ष तेजप्रसाद चौलागाईंले शिक्षकहरूको मागलाई सरकारले बेवास्ता गर्न नहुने भन्दै मन्त्रीमार्फत सरकारको ध्यानाकर्षण गराए । उनले २० दिनदेखि शिक्षकहरू मर्यादित तरिकाले सडक सङ्घर्षमा रहेको भन्दै सरकार गम्भीर हुनुपर्ने बताए । रासस

# अविलम्ब वार्तामा बसेर विद्यालयमा फर्कन आह्वान शिक्षकहरूलाई प्रधानमन्त्रीको आग्रह

**काठमाडौँ**
प्रधानमन्त्री केपी शर्मा ओलीले देशको ढुकुटीले धान्न सक्ने र सम्भव हुने मागलाई राज्यले सम्बोधन गर्ने भएकाले अविलम्ब वार्तामा बसेर विद्यालय फर्कन आन्दोलनरत शिक्षकहरूलाई आह्वान गरेका छन ।

नेपाल प्रगतिशील प्राध्यापक सङ्गठनको ११ औँ राष्ट्रिय सम्मेलनको सोमवार कीर्तिपुरमा उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले अहिलेको सरकार दमनकारी नभई लोकतान्त्रिक भएकाले ट्रेड युनियनको अधिकारको रक्षासहित पेसागत क्षेत्रका जायज मागलाई सम्बोधन गरिने बताए ।

'विद्यालय शिक्षा विधेयक संसदीय समितिमा विचाराधीन छ । ऐन ल्याउन भनेर यत्रा शिक्षकहरू सकडमा आन्दोलनमा आउनु पर्दैन । भर्ना अभियान सुरू भइसकेको छ ।

कृपया जानूस्, विद्यालयमा गएर भर्ना गराउनूस् । एसइईको उत्तरपुस्तिका परीक्षण गर्नूस् । एसइईमा ५२ प्रतिशत विद्यार्थी फेल गराइएको भन्ने मेरो भनाइले चित्त नदुखाउनूस् ।




गुणस्तरीय शिक्षाका लागि लाग्नूस', प्रधानमन्त्री ओलीले भने, 'शिक्षकहरूको आन्दोलनले विद्यार्थी र अभिभावकलाई घाटा छ, शिक्षकहरूलाई लाभ छैन । त्यसकारण अविलम्ब वार्तामा बसेर आन्दोलन अन्त्य गर्नूस् ।

प्रतिगामी तत्वहरू सल्बलाएका बेला तपाईंहरुले आन्दोलन गर्ने उपयुक्त समय पनि यो होइन ।'समृद्धि र अग्रगतिका लागि बौद्धिक सक्रियता देखाउन प्राध्यापकहरूलाई आग्रह

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले प्रतिगामी, उग्रवामपन्थी, विकृति र विसङ्गतियुक्त प्रवृत्तिहरूविरुद्ध प्राध्यापकहरुले बौद्धिक रूपमा सक्रियता देखाउनुपर्ने बताए ।

मुलुकमा प्रकट भइरहेका प्रतिगामी, उग्रवामपन्थी, विकृति र विसङ्गतियुक्त प्रवृत्तिहरूप्रति सजग हुँदै आफ्नो बौद्धिक क्षेत्रबाट विद्यमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षार्थ विचार निर्माणमा लागि पर्न आह्वान गरेका हुन ।

'प्राध्यापकजस्तो सचेत वर्गले लोकतन्त्र र तानाशाहीका बीचको भेद छुट्याउन नसक्ने भन्ने कुरै हुँदैन । कोही पनि सचेत नागरिक आफ्नो समाज कस्तो बनाउने भन्ने सन्दर्भमा तटस्थ रहिरहन सक्दैन ।

लोकतन्त्रको प्रयोगबाट मुलुकको समृद्धिका लागि दक्ष जनशक्ति निर्माण गर्नुपर्ने छ', प्रधानमन्त्री ओलीले भने, 'हामीले मिसन २०८४ भनेको छौँ । त्यो मिसन भनेको अराजकतावादी, प्रतिगामी, असभ्यता र देशलाई अँध्यारो यात्रातर्फ फर्काउने प्रयासविरुद्धको मिसन हो । यसमा तपाईंहरूले लेखेर–बोलेर बौद्धिकताको प्रदर्शन गरी साथ दिनुपर्छ ।

विद्वत् समुदायका रूपमा समाजमा आफ्नो पहिचान दिनुपर्छ । देशको विकास तब हुन्छ, जब नागरिकहरू स्वस्थ्य, शिक्षित र दक्ष हुन्छन् । नागरिकहरू स्वस्थ्य, शिक्षित र दक्ष बनाउने हाम्रो प्राथमिकता हुनुपर्छ ।'

प्रधानमन्त्री ओलीले शिक्षालाई हरेकको पहुँचभित्र कसरी पुर्याउने र गुणस्तरीय शिक्षा कसरी दिन सकिन्छ भनेर हामीले सोच्न आग्रह गर्दै कसरी ज्ञानलाई आर्जन, सङ्कलन र सम्प्रेषण गर्छौं भन्ने अति महत्वको विषयमा मनन गर्न सम्झाए । उनले यस सङ्गठनको जन्म नै अधिकार प्राप्तिको आन्दोलनका क्रममा भएकाले आगामी दिनसम्म उच्चशिक्षा क्षेत्रमा गरिनुपर्ने सुधारका लागि प्रभावकारी भूमिका निर्वाह गर्न आग्रह गरे । रासस

# गणतन्त्रलाई संस्थागत गर्न राससको महत्वपूर्ण भूमिकाः अध्यक्ष दाहाल

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले रासस फोटो पुस्तकले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास एवं प्रवद्र्धनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन ।

ललितपुरको खुमलटारस्थित निवासमा राष्ट्रिय समाचार समिति (रासस)द्वारा प्रकाशित 'रासस फोटो किताबः गणतन्त्रको १६ वर्ष' ग्रहण गर्दै अध्यक्ष दाहालले पुस्तकका माध्यमबाट गणतन्त्रपछिका उपलब्धि र विकास निर्माणका कामलाई जनमानसमा बुझाउन उपयोगी हुने बताए ।

अध्यक्ष दाहालले राससले पछिल्लो समयमा गणतन्त्रलाई सहयोग पुग्ने महत्वपूर्ण काम गरेको र त्यसको उदाहरणका रुपमा यो फोटो पुस्तकलाई लिन सकिने धारणा राखे । 'गणतन्त्र स्थापनापछिको १६ वर्षको यस अवधिमा मुलुकको सभ्यता र संस्कृतिलाई जोड्ने र एक ठाउँमा ल्याउने सन्दर्भमा भए÷गरेका गतिविधिलाई पुस्तकमा समेटिएको छ । विकास निर्माणलगायत पूर्वाधारका क्षेत्रमा भएका उपलब्धिलाई जनमानसमा पु¥याई उनीहरूलाई बुझाउने काम पनि राससले गरेको छ । गणतन्त्रमा केही भएको छैन भन्ने कुरालाई पुस्तकले खण्डन गर्दछ ।'

समावेशी र सङ्घीय अवधारणा रासस अगाडि बढ्न खोज्नु सुखद पक्ष हो भन्दै उनले आफ्ना सेवालाई विशिष्टीकृत र विविधीकरण गरेकामा संस्थालाई धन्यवाद दिए । 'मेरो नेतृत्वको सरकार रहँदादेखि नै राससलाई चिनिरहेको छु र पछिल्लो समय राम्रो काम गरिरहेको पाएको छु', पूर्वप्रधानमन्त्री दाहालले भने, 'राससले व्यावसायिकता निर्वाह गर्ने प्रयत्न गरेको छ । सबैलाई समेट्ने जमर्को गरेको छ । नेपालमा मिडिया पुनःसंरचनाको कुरा बेलाबखतमा उठिरहेकै हो, त्यसै सन्दर्भमा राससले पछिल्ला दिनमा आफ्ना केही नयाँ सेवा पनि सुरुआत गरेको छ । मातृभाषामा समाचार सेवा थप गर्नाका साथै २४ घण्टे सेवा सञ्चालन गरिरहेको छ । जुन महत्वपूर्ण कुरा हो ।'

अध्यक्ष दाहालले फोटो पुस्तक देश चिनाउन विदेशी पाहुनालाई दिन उपयुक्त हुने भन्दै यसको बढीभन्दा बढी पुस्तक प्रकाशन गर्ने व्यवस्था मिलाउन राससलाई आग्रह गरे ।

फोटो पुस्तक हस्तान्तरण गर्दै राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले फोटो पुस्तकले गणतन्त्रको संस्थागत विकासका निम्ति सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले फोटो पुस्तक तयारी तथा छपाइ प्रक्रिया र समेटिएका विषयवस्तुबारे जानकारी गराए । यसैगरी कार्यकारी अध्यक्ष झाले राससको काम कारबाहीका बारेमा पनि अध्यक्ष दाहाललाई जानकारी गराएका थिए ।

उक्त पुस्तकमा देशका सबै जातजाति, भाषाभाषी, भूगोल, धर्म, संस्कृति र पूर्वाधार निर्माणका क्षेत्रमा भइरहेका गतिविधिलाई समेटेर ९० फोटोपत्रकारले खिचेका १८२ वटा तस्बिर समावेश छन् । पुस्तक हस्तान्तरण कार्यक्रममा राससका महाप्रबन्धक सिद्धराज राई, राससका वरिष्ठ कार्यकारी व्यवस्थापक शीतलप्रसाद महतो, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन राससका अध्यक्ष प्रेमप्रसाद उपाध्याय र फोटोपत्रकार विकल्प दाहालको उपस्थिति रहेका थिए ।रासस

# नेवाः राष्ट्रिय मुक्ति मोर्चाको अध्यक्षमा स्थापित

**काठमाडौँ ।**
नेवाः राष्ट्रिय मुक्ति मोर्चाको तेस्रो राष्ट्रिय सम्मेलनले उमेश स्थापितको नेतृत्वमा १२७ सदस्यीय केन्द्रीय समिति निर्वाचित गरेको छ । राजधानीमा दुई दिनसम्म चलेको सम्मेलनले सर्वसम्मतरुपमा नयाँ कार्यसमिति चयन गरेको हो । केन्द्रीय समितिको पहिलो बैठकले उपाध्यक्षसहित कोषाध्यक्षको जिम्मेवारी र कार्यविभाजन तय गर्नेछ ।

नेवाः पहिचानसहितको स्वायत्त राज्य स्थापनाको लागि अग्रगमणको बाटोमा लाग्ने उद्देश्यसहित गठन भएको यस मोर्चाको नेवाः राजनीतिक आन्दोलनमा छुट्टै पहिचान स्थापित भएको सम्मेलनमा नेवाः खलःको संस्थापक र निवर्तमान अध्यक्ष दिलिप महर्जनले जानकारी दिए ।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शनिबार सम्मेलनको उद्घाटन गरेका थिए । रासस

# निजामती विधेयकमाथिको छलफल अन्तिम चरणमा

**काठमाडौँ ।**
प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिमा झण्डै नौ महिनादेखि छलफलमा रहेको सङ्घीय निजामती विधेयक अन्तिम चरणमा पुगेको छ ।

समिति सभापति रामहरि खतिवडाका अनुसार प्रस्तावित विधेयकमा कर्मचारीको उमेरहद, कुलिङ पिरियड, अतिरिक्त सचिव तथा प्रदेश र स्थानीय तहमा १० वर्षसम्म सङ्घले सचिव र कार्यकारी खटाउनेलगायतका विषय निष्कर्ष नजिक पुगेको छ ।

'धेरै कुरा सम्बोधन भएका छन्, आउँदो अधिवशेनमा सदनमा निजमती विधेयक प्रस्तुत गर्ने तयारी छ', उनले भने । नेपाली कांग्रेसका सांसद दीलेन्द्रप्रसाद बडुको संयोजकत्वमा उपसमिति बनाएरै विधेयकमाथि छलफल गरिएको थियो ।

समितिले विज्ञ, कर्मचारी, संवैधानिक आयोग, ट्रेड युनियन तथा सरोकारवाला पक्षसँग पटकपटक घनिभूत छलफल गर्दै आइरहेको छ । प्रशासनिक सङ्घीयता कार्यान्वयनका सन्दर्भमा महत्वपूर्ण माननिएको यो विधेयक समितिमा नौ महिनादेखि गहन छलफलमा थियो ।

समितिको आजको बैठकमा सभापति खतिवडाले विधेयक अन्तिम चरणमा पु¥याउने कोसिस गरिरहेको बताए । 'विमतिलाई सहमतिबाट टुङ्ग्याउने गरी प्रयास थालनी गरेका छौँ । विधेयकमा सकेसम्म सबैको सहमति खोजिनेछ', बैठकमा उनले भने ।बैठकमा उपसमिति सदस्य बडुले उपसमितिमा छलफल भएका विषयबारे जानकारी गराएका थिए । रासस

# भालुको आक्रमणबाट महिला घाइते

**उदयपुर ।**
उदयपुरको कटारी नगरपालिका–८ ग्रासको एक सामुदायिक वनमा सोमवार घाँस काट्दै गरेकी एक महिला भालुको आक्रमणमा परी घाइते भएकी छन ।जिल्ला प्रहरी कार्यलय उदयपुरका अनुसार भालुको आक्रमणबाट घाइते महिला कटारी–८ बस्ने वर्ष ४६ की पञ्चमाया तामाङ रहेकी छन् । बिहान ९ बजेतिर स्थानीय नारायणी सामुदायिक वनमा घाँस काट्दै गरेकी तामाङलाई भालुले आक्रमण गरेको हो ।

भालुले तामाङमाथि आक्रमण गरेपछि उनी कराएका कारण अन्य वरपर घाँस काट्ने साथी आएपछि भालु भागेको थियो भने तामाङ घाइते भएकी थिइन् ।

भालुको आक्रमणबाट तामाङको टाउको, हात र शरीरका केही भागमा चोट लागेको जिल्ला प्रहरी कार्यलय उदयपुरले जनाएको छ ।

घाइते तामाङको कटारी अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी केदारमान दोङले जानकारी दिए । कटारी ग्रासका स्थानीय राजन बरालका अनुसार पछिल्लो समय नारायणी सामुदायिक वन क्षेत्र निकै घना जङ्गल हुँदै गएको छ ।रासस

# ऊर्जामन्त्री खड्काको निमन्त्रणमा भारतका विद्युतमन्त्री नेपाल आउँदै



**काठमाडौँ ।**
भारतका विद्युत्, आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टर मङ्गलबार नेपालको भ्रमणमा आउँदै छन । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको निमन्त्रणामा उउनि यहाँ आउन लागेका हुन ।

गत माघ ३० गते भारतको भ्रमणका क्रममा मन्त्री खड्काले भारतका विद्युतमन्त्री खट्टरलाई नेपाल भ्रमणको निमन्त्रणा दिएका थिए । उन दुई दिने भ्रमणका लागि नेपाल आउन लाग्नुभएको मन्त्रालयका प्रवक्ता सन्दीपकुमार देवले जानकारी दिए ।

मन्त्री खड्कासँगै भारतीय मन्त्री खट्टरले मङ्गलबार सङ्खुवासभाको तुम्लिङटारमा भारत सरकारको सहयोगमा निर्माण सम्पन्न भएको कोशी करिडोर २२० केभी प्रसारण लाईनअन्तरगत ईनरुवा–बसन्तपुर–बानेश्वर–तुम्लिङटार २०० केभी प्रसारण लाइन तथा २२०÷१३३÷३३ केभी तुम्लिङटार सवस्टेशन, २२०÷३३ केभी बानेश्वर सवस्टेशन तथा २२०÷१३३÷३३ केभी बसन्तपुर सवस्टेशनको संयुक्त रुपमा उद्घाटन गर्ने कार्यक्रम छ । उनले सोही दिन भारतले निर्माण गरेको अरुण तेस्रो जलविद्युत् आयोजनाको विद्युत् गृह र बाँध क्षेत्रको अवलोकन गर्नुहुने प्रवक्ता देवले बताए ।

मङ्गलबार नै नेपाल र भारतको संयुक्त लगानीमा निर्माण गर्न लागिएको प्रसारण लाइनको सम्झौतापत्रमा हस्ताक्षर गरेर निर्माणको प्रक्रिया अगाडि बढाइने छ । दुई देशले संयुक्त लगानीमा निर्माण गर्न लागेको प्रसारण लाइनको सम्झौतापत्रमा दुवै मन्त्रीले हस्ताक्षर गरेर निर्माणको प्रक्रिया अगाडि बढाइने मन्त्रालयले जनाएको छ ।

यही वैशाख १० गते भारतीय मन्त्री खट्टरले मुक्तिनाथको अवलोकन भ्रमण गर्ने कार्यक्रम रहेको छ । उनले प्रधानमन्त्री केपी शर्मा ओली र उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहसँग शिष्टाचार भेटघाट गर्ने कार्यक्रम तय भएको प्रवक्ता देवले जानकारी दिए । रासस

# बजारबाट यी दुई औषधि तुरुन्त फिर्ता गर्न निर्देशन

**काठमाडौँ ।**
औषधि व्यवस्था विभागले बजारबाट पेटसमबन्धी समस्या निको पार्ने दुई औषधि बजारबाट तुरुन्त फिर्ता गर्न निर्देशन जारी गरेको छ ।

'पिलपान ४० एमजी' र 'एसीटप ४० एमजी' नामक दुवै औषधिहरू परीक्षणका क्रममा गुणस्तरहीन पाइएको हो । उक्त ब्याच नं भएका औषधिहरूको सिफारिस, बिक्री वितरण तथा प्रयोग नगर्न र नगराउन सबैलाई विभागले अनुरोध गरेको छ ।

विभागले बजार अनुगमनका क्रममा सङ्कलन गरिएको औषधिहरूको नमूना राष्ट्रिय औषधि प्रयोगशालाबाट परीक्षण गर्दा उत्पादकबाट उत्पादित उक्त ब्याच नं का औषधिहरू न्यून गुणस्तर पाइएको जारी सूचनामा उल्लेख छ ।

औषधि ऐन, २०३५ को दफा १४ बमोजिम बिक्री वितरण रोक्का गरी उक्त ब्याचका औषधिहरू बजारबाट तुरुन्त फिर्ता गर्न र सोको विवरण विभागमा पेस गर्न सम्बन्धित उद्योग तथा तिनका प्रतिनिधिहरूलाई सूचनामार्फत निर्देशन दिइएको छ । रासस

# नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । सोमवार नेप्से परिसूचक सात दशमलव ७५ अङ्कले घटेर दुई हजार छ सय ९८ दशमलव २८ को बिन्दुमा कायम भएको हो ।

सोमवार विभिन्न तीन सय १९ कम्पनीका दुई करोड १२ लाख तीन हजार सात सय ६६ कित्ता शेयर ७८ हजार छ सय ७८ पटक खरिदबिक्री हुँदा आठ अर्ब ७७ करोड ५७ लाख २० हजार दुई सय ९३ रुपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

सोमवारको कारोबारमा विकास बैंक समूह शून्य दशमलव ४३, होटल तथा पर्यटन शून्य दशमलव ०६, जलविद्युत् शून्य दशमलव ७७, लगानी शून्य दशमलव १७, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०३ र म्युचुअल फन्ड शून्य दशमलव ४४ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंकिङ शून्य दशमलव ८५, वित्त एक दशमलव ०३, जीवन बीमा शून्य दशमलव १६, लघुवित्त शून्य दशमलव ११, निर्जीवन बीमा शून्य दशमलव १५, व्यापार एक दशमलव ५२ र अन्य समूह एक प्रतिशतले घटेको छ ।

नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेड र क्रेष्ट माइक्रोलाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ ।

सबैभन्दा धेरै घट्नेमा भने एनएमबी हाइब्रिड फन्ड–२ को शेयर मूल्य सात दशमलव ९० प्रतिशत छ ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै डादी ग्रुप पावर लिमिटेडको ५३ करोड ९९ लाख १८ हजार एक सय ७४ रुपैयाँ बराबरको १५ लाख ९० हजार दुई सय पाँच कित्ता शेयर खरिदबिक्री भएको छ । रासस

# गण्डकीमा छ लाख ४३ हजार थान पाठ्यपुस्तक बिक्री

**गण्डकी ।**
नयाँ शैक्षिक सत्र सुरू भएपछि गण्डकी प्रदेशमा हालसम्म छ लाख ४३ हजार पाँच सय ३९ थान पाठ्यपुस्तक बिक्री भएको जनाइएको छ ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको गण्डकी प्रादेशिक कार्यालयका अनुसार आठ करोड ८३ लाख १३ हजार आठ सय रुपैंयाँ बराबरको पाठ्यपुस्तक बिक्री गरिएको हो । कार्यालयका सूचना अधिकारी शिवविलास पौडेलले प्रदेशका ११ वटै जिल्लामा पाठ्यपुस्तक पुगिसेकेको जानकारी दिए ।

'माग भएजति पाठ्यपुस्तक स्थानीय बिक्रेतामार्फत जिल्लामा पठाइसकेका छौँ, हामीसँग पाठ्यपुस्तक प्रयाप्त छ', उहाँले भन्नुभयो ।

प्रदेशका १० जिल्लामा पोखरा र नवलपुरमा भरतपुर कार्यालयबाट पुस्तक बिक्री वितरण हुँदै आएको छ ।

पाल्पाको रामपुर क्षेत्रमा पनि पोखरास्थित कार्यालयबाट पुस्तक जाने गरेको सूचना अधिकारी पौडेलले बताए ।

शैक्षिक सत्र सुरू हुनुअगावै विद्यार्थीका हात पाठ्यपुस्तक पुगिसकेको उनको भनाइ छ । कार्यालयमार्फत मनाङमा छ हजार छ सय ७५, मुस्ताङमा तीन हजार आठ सय ३०, लमजुङमा ३९ हजार पाँच सय ९१, म्याग्दीमा ३९ हजार दुई सय ५५, गोरखामा ६४ हजार पाँच सय ४५, पर्वतमा ४४ हजार एक सय १९, बागलुङमा एक लाख दुई हजार चार सय २७, स्याङ्जामा ५१ हजार आठ सय ८३, कास्कीमा एक लाख ८२ हजार एक सय नौ, र पाल्पाको रामपुर क्षेत्रमा तीन हजार पाँच सय ९२ थान पुस्तक बिक्री गरिएको हो । रासस

# पोप फ्रान्सिसको निधनः भ्याटिकन



**भ्याटिकन सिटी ।**
पोप फ्रान्सिसको सोमबार ८८ वर्षको उमेरमा निधन भएको छ ।

इस्टर आइतबार सेन्ट पिटर्स स्क्वायरमा धेरै आशा गरिएको उपस्थिति देखाएको एक दिनपछि भ्याटिकनले एक वक्तव्यमा पोपको निधन भएको बताइएको छ ।

'प्रिय दाजुभाइ र दिदीबहिनीहरू, मैले गहिरो दुःखका साथ हाम्रा पवित्र पिता फ्रान्सिसको निधनको घोषणा गर्नुपर्दछ', कार्डिनल केभिन फारेलले भ्याटिकनद्वारा आफ्नो टेलिग्राम च्यानलमा प्रकाशित वक्तव्यमा भने, 'आज बिहान ७:३५ बजे (०५३५ जिएमटी) रोमका बिशप, फ्रान्सिस, पिताको घरमा फर्किनुभयो, उहाँको सम्पूर्ण जीवन प्रभु र उहाँको चर्चको सेवामा समर्पित थियो ।'

गम्भीर बिमारीपछि अझै पनि आराम गरिरहेको भए तापनि इस्टर आइतबार सेन्ट पिटर्स बेसिलिका बालकोनीमा देखा परेर भ्याटिकनमा भक्तहरूको भीडलाई प्रसन्न तुल्याएको ठिक एक दिनपछि फ्रान्सिसको निधन भयो ।

फ्रान्सिस यस वर्ष निमोनियाबाट पीडित हुँदा दुई पटक मृत्युको नजिक पुग्नुभएको थियो । मार्च २३ मा डिस्चार्ज हुनुअघि उनले अस्पतालमा ३८ दिन बिताए ।

आइतबार उनले सेन्ट पिटर्स स्क्वायरमा भीडलाई हात हल्लाउँदै 'शुभ इस्टर' शुभकामना दिनुभयो र आफ्नो परम्परागत 'उर्बी एट ओर्बी' (सहर र विश्वलाई) आशीर्वादमा उनले विचारको स्वतन्त्रता र सहिष्णुताको आह्वान गरेका थिए । एएफपी

# उद्योगमा कोभिडको असर कायमै

**चितवन ।**
कोरोना महामारीका कारण बन्द भएका उद्योगको समस्या अझै समाधान हुन सकेको छैन । निरन्तरको प्रयासपछि केही उद्योग पुरानै लयमा सञ्चालन हुन थालेपनि अधिकांश उद्योगमा कोरोनाको असर अझै कायमै रहेको जानकारहरुको भनाइ छ ।

नेपाल उद्योग परिसङ्घ वागमती प्रदेशका वरिष्ठ उपाध्यक्ष त्रिलोचन कँडेल प्रदेशभित्रका ४० प्रतिशत उद्योग अझै बन्द अवस्थामा रहेको बताउछन । सञ्चालनमा रहेका ६० प्रतिशतमध्ये १० प्रतिशत मात्रै नाफामा रहेको उनको भनाइ छ । उद्योग सङ्घ चितवनका पूर्वअध्यक्षसमेत रहनुभएका कँडेल बैंकको ऋणका लागि मात्रै उद्योग चलाउने धेरै रहेको बताउउछन ।

उनले भने, 'ऋण थप्दै जाँदा अहिले धितोले ऋण नधान्ने अवस्थामा पुगेको छ, यसले उद्योगमा ऋण लगानी गर्ने बैंकलाई पनि समस्या भएको छ', उनले थपे 'बल्लतल्ल उत्पादन सुरु भए पनि माग बढ्न नसकेको अवस्था छ ।'

कच्चापदार्थ किन्ने पैसा नहुँदा कम क्षमतामा उद्योग सञ्चालन हुँदा घाटा चुलिँदै गएको उनले बताए । बढ्दो ऋणका कारण उद्योगको अवस्था कमजोर बनेको उनको बुझाइ छ । 'गत वर्षसम्म महँगो बैंक ब्याजले पनि उद्योगलाई अप्ठ्यारो पारेको थियो ।

मजदुरको बढ्दो ज्याला, महँगो ढुवानी, कच्चापदार्थको मूल्यवृद्धिलगायतका कारण नेपाली उत्पादनको लागत बढेको र विदेशी वस्तुसँग प्रतिस्पर्धा गर्न नसकेको अवस्था छ', कँडेलले बताए ।

नेपाल लेयर्स कुखुरापालक सङ्घका अध्यक्ष विनोद पोखरेल कोरोनाकै कारण धेरै पोल्ट्री व्यवसायीले पेसा छाडिसकेको बताउउछन । सञ्चालनमा रहेका अधिकांश उद्योग ऋणको मारमा रहेको उनको भनाइ छ । वर्षदिनमा एक पटक अण्डाले लागत मूल्य पाउँदा सरकारी निकायको ध्यानाकर्षण हुने भए पनि वर्षौंसम्म नोक्सानमा काम गर्नुपर्दा राज्यले ध्यान नदिएको उनको गुनासो छ ।

भारतीय सीमा क्षेत्रबाट अवैध रुपमा भित्रिने पोल्ट्रीजन्य पदार्थ रोकिए मात्रै पनि यहाँका पोल्ट्री व्यवसायीलाई केही राहत मिल्ने उनको बुझाइ छ । यस्तै अवस्था रहेमा आत्मनिर्भर यो व्यवसाय समाप्त भएर जाने उनको दाबी छ ।

क्षेत्रीय होटल सङ्घ सौराहाका अध्यक्ष ओमप्रकाश पाण्डे आधा होटल आर्थिक सङ्कटमा परेको बताउउछन । होटल चल्नका लागि कम्तीमा औसतमा ६० प्रतिशत अकुपेन्सी हुनुपर्छ तर हाल औसतमा ५० प्रतिशतभन्दा कममा सञ्चालन हुनुपरिरहेको अवस्था छ ।

दिनहुँ घाटा बढ्दै जाँदा पर्यटन उद्योगमा सङ्कट थपिँदै गएको उनको दाबी छ । विदेशी पर्यटकको सङ्ख्या नबढाएसम्म आर्थिक समृद्धि नहुने भन्दै उनले नेपाली पर्यटक आएर मात्रै क्षणिक सञ्चालन हुन सकेपनि दीर्घकालीन समस्या समाधान नहुने बताए ।

चितवनको पर्यटन व्यवसाय प्रभावित हुनुको प्रमुख कारण सडक सञ्जाल पनि भएको उनको भनाइ छ । भैरहवा, पोखरा र काठमाडौँबाट आउने पर्यटक सडकका कारण आउन नसकेको उनले बताए । उनले भने 'ट्राभल कम्पनीहरुले सडकका कारण पर्यटक पठाउनै छाडेका छन् ।'

कोभिडपछि व्यवसाय सञ्चालन हुन नसक्दा कतिपय होटलमा बैंकले ताला लगाउने अवस्था समेत आएको उनको भनाइ छ । उद्योग वाणिज्य सङ्घ चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदी कोभिडपछि बजार क्षेत्रका धेरै पसल बन्द भएको बताउछन ।

समग्र अर्थतन्त्र प्रभावित भएपछि उद्योग र व्यवसाय पनि प्रभावित बनेको उनको भनाइ छ । सरकारले उद्योग व्यवसायका समस्यालाई मसिनो गरी केलाएर सम्बोधन गर्नुपर्ने उनको माग छ । ऋण थप्दै जाँदा धितोले धान्न नसक्ने अवस्थामा उद्योगी पुगेको उनि बताउछन । उनले भने 'अब पनि सरकारले सम्बोधन गरेन भने नेपालमा उद्योग टिकाउन निकै सकस हुन्छ ।'

उद्योग वाणिज्य सङ्घ चितवनका पूर्वअध्यक्ष राजन गौतमले भने लामो समयको मेहनत र लगानीपछि गौमन्त्र नामक अग्र्यानिक मल कम्पनी लयमा फर्किएको बताए । उनले कमर्सियल अर्गानिक एग्रिकल्चर कन्सेप्ट प्रालि सञ्चालन गर्दै आएका छन । गौतमले भने 'कोरोना महामारीका कारण केही समय उत्पादन ठप्प गरेको कम्पनी अहिले बल्लतल्ल लयमा फर्किएको छ, तर अहिले पनि समस्या बाँकी नै छन्, माग बढ्न नसक्दा उत्पादनले बजार पाउन सकेको छैन', उनले भने । रासस

# पहिलो १०० दिनमा ट्रम्पः युक्रेनलाई एक्ल्याउने र रुसलाई प्रोत्साहित गर्ने

**वार्सा ।**
डोनाल्ड ट्रम्पले ह्वाइट हाउसमा फर्किएको '२४ घण्टा' भित्र युक्रेन र रुसबीच युद्धविराम गराउने वाचा गरेका थिए ।

तीन महिना बितिसक्दा र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनद्वारा घोषित छोटो इस्टर युद्धविरामका बावजुद युद्ध अझै जारी छ र युद्धविरामको सम्भावना पहिलेभन्दा अनिश्चित छ ।

अमेरिकी राष्ट्रपति आफ्नो प्रशासन र रूसी अधिकारीहरू बीच बारम्बार वार्ता भए पनि मस्कोबाट कुनै पनि प्रमुख छुटहरू निकाल्न असफल हुनुभएको छ र सार्वजनिक रूपमा युक्रेनका युद्धकालीन नेता भोलोदिमर जेलेन्स्कीलाई 'तानाशाह' भएको आरोप लगाए ।

यसैबीच उनले पुटिनसँग न्यानो सम्बन्धको खोजी सुरु गरेको छ । यसले किएभलाई एक्ल्याएको छ भने वासिङ्टन र युरोपबीच फाटो ल्याएको छ । ह्वाइट हाउससँग घनिष्ठ सम्बन्धको सम्भावनामा रुसका धेरैजना खुसी छन् भने युक्रेनमा दीर्घकालीन शान्तिको विचार मलिन भएको छ ।

'केही भइरहेको छैन । वास्तविक शब्दमा, मानिसहरूले हरेक दिन साइरन सुन्छन्, बमहरू देख्छन् र मानिसहरू मारिन्छन ', किएभ स्कुल अफ इकोनोमिक्सका प्रमुख टिमोफी माइलोभानोभले एएफपीलाई भने, 'पुटिनले मूलतः सबैलाई मूर्ख बनाइरहनुभएको छ ।'

ट्रम्पको जनवरीमा पदवहाली भएयता अमेरिकी अधिकारीहरूले युद्धविराममा पुग्ने प्रयासमा रुसी र युक्रेनी प्रतिनिधिमण्डलहरूसँग धेरै चरणको वार्ता गरेका छन् ।

यसैबीच रुसले युक्रेनमाथि आक्रमण जारी राखेको छ । पछिल्ला दुई हप्तामा मात्र ब्यालिस्टिक क्षेप्यास्त्र आक्रमणमा दर्जनौँ मानिस मारिएका छन् ।

युक्रेनको सेनाले रुसको पश्चिमी कुर्स्क क्षेत्रमा पनि आफ्नो पकड गुमाएको छ । कुर्स्क उनीहरूको एकमात्र उल्लेखनीय सौदाबाजीको चिप थियो ।

'अहिलेसम्म त्यहाँ कुनै परिवर्तन भएको छैन, वास्तवमा हाम्रो सहरमा यो झन् खराब भएको छ', युक्रेनको सुमीकी २९ वर्षीया फोटोग्राफर अन्ना क्लिस्किनाले ट्रम्पको बारेमा भने ।

अप्रिल १३ मा दुई रूसी ब्यालेस्टिक मिसाइलहरू क्लिस्किनाको सहरमा प्रहार हुँदा ३५ जनाको मृत्यु भयो र एक सयभन्दा बढी घाइते भएका थिए ।

ट्रम्पको प्रयासका बावजुद युद्धविराममा खासै प्रगति भएको छैन ।

पुटिनले मार्चमा आफूमाथि प्रस्तुत गरिएको बिना शर्त र पूर्ण युद्धविरामका लागि अमेरिकी–युक्रेनी संयुक्त प्रस्तावलाई अस्वीकार गरे ।

दुवै पक्षले ऊर्जा लक्ष्यहरूमा आक्रमण रोक्न सहमति जनाए । यद्यपि कुनै औपचारिक सम्झौता कहिल्यै स्थापित गरिएन । दुवैले एक अर्कालाई यसको उल्लङ्घन गरेको आरोप लगाए र रुसले शुक्रबार आदेश 'समाप्त भएको' बतायो ।

मस्कोको सेना पूर्वी युक्रेनको युद्धभूमिमा गत वर्षको अन्त्यको तुलनामा सुस्त गतिमा अघि बढेको छ ।रुसी सेनाले किएभको सेनालाई कुर्स्क क्षेत्रबाट लगभग पूर्ण रूपमा बाहिर धकेलेको छ र युक्रेनको उत्तरपूर्वी सुमी क्षेत्रको सीमावर्ती क्षेत्रहरूमा अघि बढेको छ ।

युक्रेनी सैनिक ओलेक्सान्डरले ट्रम्पका बारेमा सधैँ 'नकारात्मक' धारणा रहेको बताए । 'र यो यस्तै रहन्छ', २२ वर्षीय युवाले आफ्नो ब्रेकमा सुमीको बेन्चमा बसेर एएफपीलाई भने, 'उहाँ राजनीतिज्ञ हुनुहुन्न, उहाँ एकजना शोम्यान हुनुहुन्छ ।'

ट्रम्प प्रशासनले मार्चमा छोटो समयका लागि युक्रेनलाई सैन्य सहायता कटौती गरेको थियो । यसले किएभलाई ठूलो धक्का दिएको थियो ।

यो निर्णय ट्रम्पका पूर्ववर्ती जो बाइडेनको युक्रेनलाई समर्थन गर्न 'जे पनि गर्नुपर्छ, जब सम्म गर्नुपर्छ' भन्ने नीतिको आश्चर्यजनक परिवर्तन थियो ।

ट्रम्पले पटक–पटक रुसी कुरा गर्ने विन्दुहरू दोहो¥याउनुभएको छ । उनले एक पटक जेलेन्स्कीलाई प्रतिस्थापन गर्न नयाँ चुनावको आह्वान गरेका थिए। यसलाई उहाँले झूटो रूपमा 'चार प्रतिशत स्वीकृति रेटिङ' भएको दाबी गरेका थिए ।

फेब्रुअरीमा ओभल अफिसमा भएको टेलिभिजन बैठकमा ट्रम्पले जेलेन्स्कीलाई हप्काएर 'अशिष्ट' भएको भन्दै वासिङ्टनका सहयोगीहरूलाई स्तब्ध पारेपछि दुईबीचको तनाव चरममा पुगेको थियो ।

सुमीमा रुसको घातक आक्रमणको केही दिनपछि ट्रम्पले जेलेन्स्की र युक्रेनको आलोचना फेरि गरे । 'तपाईँले आफ्नो आकारभन्दा २० गुणा ठूलो कसैसँग युद्ध सुरु गर्नुहुन्न', उहाँले जेलेन्स्कीलाई उल्लेख गर्दै भने ।रुसले फेब्रुअरी २०२२ मा आफ्नो छिमेकीमाथि आक्रमण गरेको थियो ।

ट्रम्पले रुसलाई सम्झौता गर्न 'अगाडि बढ्न' आदेश दिँदै र गत महिना एनबिसी न्युजलाई पुटिनसँग 'रिसाएको' बताए थिए ।

तर स्वर पहिलेभन्दा बढी मेलमिलापकारी छ । वासिङ्टनले संयुक्त राष्ट्रसङ्घमा दुई पटक मस्कोको पक्षमा मत दिएपछि क्रेमलिनले मार्चमा ट्रम्पको विदेश नीतिमा नाटकीय परिवर्तन धेरै हदसम्म रुसको दृष्टिकोणसँग मिल्दछ भनेको थियो ।

सानो रुसी सहर भेरेयामा बस्नेहरूका लागि यो पुनर्मिलनले आशाको भावना दिएको थियो । 'रुसका लागि सबै कुरा ठिक हुनेछ', २० वर्षीया वेट्रेस अलिसाले भने, 'मैले समाचारमा जे सुनेँ त्यो यो थियो कि पुटिन र ट्रम्पबीच कुराकानी भयो र ती धेरै सफल थिए – मेरो विचारमा जस्तो मलाई लाग्छ तिनीहरू थिए र मलाई लाग्छ हामी त्यसका कारण धेरै राम्रो हुनेछौँ, जुन कुराको कमी छ त्यो शान्ति हो ।'

सैँतीस वर्षीया एलेना सोलोड्काया बढी शङ्कालु हुनुहुन्थ्यो । 'तपाईँले राजनीतिज्ञहरूमा आफ्नो आशा राख्नु हुँदैन', उनले भने, 'ट्रम्पका बारेमा, होइन ।'एएफपी

# कर नबुझाउने एक सय बाइस करदातामाथि कारबाही

**बागमती**
आन्तरिक राजस्व कार्यालय मकवानपुर हेटौँडाले लामो समयदेखि कर नबुझाउने १२२ जना करदातामाथि कारबाही अघि बढाएको छ ।

दर्ता भएर पनि लामो समयदेखि कर नबुझाउने करदाताको अभिलेख तयार गरेर बैङ्क खाता, आयात निर्यात र सम्पत्ति रोक्काका लागि कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको प्रमुख कर अधिकृत युक्तप्रसाद सुवेदीले जानकारी दिए । कर नबुझाएका करदाताबाट करिब ६० करोड रुपैयाँ भन्दा बढी बक्यौता उठाउन बाँकी रहेको सो कार्यालयले जनाएको छ ।

'पटक–पटक कर बुझाउन मौखिक र पत्राचार गरिए पनि आलटाल गर्ने करदातामाथि कारबाही अघि बढाएका छौँ', प्रमुख कर अधिकृत सुवेदीले भने, 'त्यही भएर हामीले करदाताको बैङ्क खाता, कारोबार, घरजग्गा र आयात निर्यात रोक्काका लागि प्रक्रिया अघि बढाएका छौँ ।' कानुनी प्रक्रिया अघि बढाएपछि केही करदाता कर बुझाउनसमेत आउने गरेको उनको भनाइ थियो ।

यस्तै आन्तरिक राजस्व कार्यालय हेटौँडा मकवानपुरले चालु आर्थिक वर्ष २०८१÷८२ को नौ महिनाको अवधिमा चार अर्ब ८७ करोड ५९ लाख रुपैयाँ राजस्व सङ्कलन गरेको छ । यो लक्ष्यको ८२ दशमलव ३२ प्रतिशत सङ्कलन भएको हो । कार्यालय प्रमुख सुवेदीका अनुसार चालु आव २०८१÷८२ को नौ महिनाको अवधिमा छ अर्ब चार करोड ५४ लाख ३६ हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा चार अर्ब ८७ करोड ५९ लाख छ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ ।

चालु आव २०८१÷८२ मा रु आठ अर्ब ४४ करोड राजस्व सङ्कलन गर्ने वार्षिक लक्ष्य रहेको प्रमुख सुवेदीले बताए । सो कार्यालयमा आयकरतर्फ ३४ हजार २२९, मूल्य अभिवृद्धि तर्फ पाँच हजार ९५३, अन्तशुल्कतर्फ एक हजार ६११, विथहोल्डतर्फ ७१३ र व्यक्तिगत तर्फका ८४ हजार ४२९ करदाता रहेका छन् ।

पछिल्लो समय मुलुकमा आर्थिक कारोबार बढ्नु, बैंक तथा वित्तीय संस्थाबाट ऋण प्रवाहमा सहजता हुनु, कर नीतिमा सुधार हुनु, नियमित बजार अनुगमन, करदाता शिक्षा सञ्चालन तथा बाँकी बक्यौता असुलीमा गरिएको कडाइजस्ता कारणले अघिल्लो आर्थिक वर्षको छ महिनाको तुलनामा चालु आवको सो अवधिमा राजस्व सङ्कलनमा वृद्धि भएको प्रमुख सुवेदीको भनाइ छ । रासस

# सप्तकोसी नदीमा नुहाउने क्रममा डुबेर दुईजना बेपत्ता

**सुनसरी**
सप्तकोशी नदीमा नुहाउने क्रममा डुबेर दुई जना बेपत्ता भएका छन् ।

सोमवार बिहान बराहक्षेत्र मन्दिरमा पूजा गर्न गएका यहाँको इटहरी उपमहानगरपालिका–१६ बालग्रामका १६ वर्षीय जेनिस आचार्य र ४० वर्षीय नवराज बास्तोला नदीमा डुबेर बेपत्ता भएका हुन् ।जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक योगराज खतिवडाले बराहक्षेत्र—१ क्षेत्रस्थित नदिमा दुवै जना डुबेर बेपत्ता भएको बताए ।

दुवै जना मामाभाञ्जा हुन् । भान्जा जेनिस नुहाउँदै गर्दा नदीमा डुबेपछि बचाउन जादा मामा पनि बेपत्ता भएको प्रहरीले जनाएको छ ।

दुवै जनाको गोताखोरसहित नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको टोलीले खोजी गरिरहेको प्रवक्ता खतिवडाले जानकारी दिए ।रासस

# संरक्षणको पर्खाइमा मुस्ताङको सेकुङ ताल



**मुस्ताङ**
यहाँको थासाङ गाउँपालिका–२ स्थित सेकुङ ताल संरक्षणको पर्खाइमा छ । ताल संरक्षणका लागि सरोकारवाला निकायले ध्यान नदिँदा सेकुङ ताल ओझेलमा परेको छ ।

धौलागिरि हिमालको हिउँबाट बग्ने पानीको स्रोतले सेकुङ ताल बनेको छ । बेनी–जोमसोम सडकबाट १५ मिनेटमै पुग्न सकिने भएपनि तालको संरक्षण तथा आवश्यक प्रचार नहुँदा पर्यटकीय दृष्टिकोणले ओझेलमा परेको हो ।

थासाङ गाउँपालिका–२ का वडाध्यक्ष गौतम शेरचनले सेकुङ तालमा आवश्यक स्तरोन्नति गर्नुपर्ने देखिएकाले पानीको सतह घटाइएको जानकारी दिए ।प्राकृतिक स्रोत साधनको संरक्षण तथा संम्वद्र्धन गर्ने पहिलो प्राथमिकता स्थानीय तहको रहेपनि गाउँपालिकाले त्यसतर्फ ध्यान नदिएको स्थानीयको गुनासो छ । केही वर्षअघि भन्दा हाल सेकुङ तालमा पानीको सतह आधा भन्दा धेरैले घटेको छ ।

सेकुङ तालसम्म जोड्ने गरी बेनी–जोमसोम राष्ट्रिय राजमार्ग सडक निर्माण गरिएपनि कतिपय स्थानमा सडक जीर्ण हुँदा तालसम्म पुग्न सवारी साधनलाई कठिन छ । सङ्घीय सरकारले सेकुङ ताल जोड्ने कच्ची सडक विस्तार गरेपनि आवश्यक स्तरोन्नति गर्न सकेको छैन ।

थासाङको सेकुङ ताल संरक्षणका लागि अन्नपूर्ण सरक्षण क्षेत्र आयोजना (एक्याप)ले केही वर्ष अघि बाँध निर्माण गरेको थियो । तर, तालमा पानी जम्मा हुन सकेको छैन । यसैगरी संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय अन्तर्गत पर्यटन विभागले सेकुङ तालको चारैतिर छप्पनी ढुङ्गा राखेर पैदल बाटो निर्माण गरेको थियो । वडाध्यक्ष गौतम शेरचनले सेकुङ ताल अवलोकनका लागि आउने पर्यटकका लागि गाउँपालिकाले ठाँटी निर्माणका साथै शौचालय र खानेपानीलगायतको पूर्वाधार निर्माणगरिएकोजानकारीदिए ।

सेकुङ तालमा निलगिरि हिमालको प्रतिबिम्व देख्न सकिन्छ । सेकुङ ताल पर्यटकीय मात्रै नभएर धार्मिक रुपमा पनि महत्त्वपूर्ण रहेको सो वडाका वडाध्यक्ष गौतम शेरचनको भनाइ छ । तालमा सदियौँदेखि स्थानीयले प्रकृति पूजा गर्दै आइरहेका छन् । बर्सेनि सेकुङ तालमा हिमपहिरोको जोखिम हुने, बाढी पहिरो र सुख्खा खडेरी हुँदा सेकुङ तालमा धार्मिक पूजा गर्ने प्रचलन विद्यमान रहेको वडाध्यक्ष शेरचनले बताए ।

यस ताल क्षेत्र वन्यजन्तु र विभिन्न पक्षीको क्रिडास्थल पनि हो । यहाँ हिउँचितुवा, चितुवा, मृग, कस्तुरी, घोरल, थार, स्याल, बनबिरालो घोरललगायतका वन्यजन्तुको बासस्थान छ । ताल आसपासमा डाँफे, मुनाल, कस्तुरी, कालिज, च्याखुरा र ठिकुरीलगायतका चराचुरुङ्गी पाइन्छन् ।

घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिह लालचनले सेकुङ ताल पर्यटकीय तथा प्राकृतिक सम्पदा भएकाले यसको संरक्षणमा जोड दिनुपर्ने सुझाव दिए । यसको सरक्षण, सम्वद्र्धन र प्रचार÷प्रसारमा ध्यान दिनसकेमा पर्यटकको सङ्ख्या वृद्धि हुने बताए ।रासस

# मादी नदी लिफ्ट खानेपानी योजना अधुरै



**तनहुँ ।**
व्यास नगरपालिका–१ मा निर्माण गर्न लागिएको मादी नदी लिफ्ट खानेपानी योजना अधुरै रहेको छ । निर्माणमा संलग्न व्यवसायीको लापरवाहीका कारण उक्त योजना समयमै निर्माण गर्न नसकिएको हो ।

भादगाउँ खानेपानी तथा उपभोक्ता संस्था र नेपाल सरकारको लगानीमा मादी नदी लिफ्ट खानेपानी योजना निर्माण गर्न लागिएको हो । निर्माणको ठेक्का पाएको 'पराजुली कन्स्ट्रक्सन'का सञ्चालक सतिश पराजुलीले निर्माण कार्य बाँकी छाडेर सम्पर्कबिहीन भएपछि उक्त योजना सम्पन्न हुन नसकेको भादगाउँ खानेपानी तथा उपभोक्ता संस्थाका व्यवस्थापक ईश्वर श्रेष्ठले जानकारी दिए ।

सरकारको ७० प्रतिशत र भादगाउँ खानेपानी संस्थाको ३० प्रतिशत लगानीमा मादी नदी लिफ्ट खानेपानी योजना अघि बढाइएको थियो । विसं २०८० भदौभित्र सम्पन्न गर्नेगरी २०७९ भदौमा उक्त योजनाबारे सम्झौता भएको व्यवस्थापक श्रेष्ठले बताए । उक्त योजनाको हालसम्म करिब ८० प्रतिशत भौतिक प्रगति रहेको छ ।

'तीन पटकसम्म योजना निर्माणको म्याद थप गरिसकेका छौं', उनले भने । व्यवस्थापक श्रेष्ठका अनुसार अमिलीभञ्ज्याङमा चार लाख लिटर क्षमताको रिर्जभ टयाङ्की निर्माण गरिएको छ । तर भदुरमा ५० हजार लिटर क्षमताको टयाङ्की निर्माण कार्य अधुरै छ । १९ करोड रुपैयाँको लागतमा उक्त आयोजना निर्माण कार्य अघि बढाइएको हो । 'निर्माणमा ढिलाइ हुँदा पानी आपूर्तिमा कठिनाइ भएको छ', उनले भने । व्यास–४ चुरेखोल्सीस्थित मादी नदीबाट पानी ल्याएर वडावासीलाई वितरण गर्न लागिएको हो ।

विसं २०५६ मा उक्त खानेपानी संस्था स्थापना भएको हो । संस्थाले हालसम्म दुई हजार ६८० निजी धारा जडान गरी पानी वितरण गर्दै आएको छ । व्यास–१३ करादी खिरखादी मुहानबाट ल्याएर पानी वितरण गरिँदै आएको छ । सो क्षेत्रमा बस्ती विस्तार हुँदै गएपछि पानी अभाव भएको हो । उक्त अभाव पूरा गर्न वैकल्पिक खानेपानीको रूपमा मादी नदी लिफ्टिङ खानेपानी योजना निर्माण अघि बढाइएको व्यवस्थापक श्रेष्ठले बताए । रासस

# पोषणका लागि रैथाने बालिको प्रयोग बढाउन जोड

**लुम्बिनी ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशमा कुपोषणको समस्या अन्त्यका लागि सबै क्षेत्रबीच सहकार्य जरुरी रहेको बताएका छन । उनले कुपोषणसँगै मातृ मृत्युदर, बाल मृत्युदर र बालविवाहजस्ता समस्या बढ्नु हुनु चिन्ताको विषय भएको र सुधारका लागि सरकार प्रतिबद्ध रहेको उल्लेख गरे ।

'समतामूलक, उत्थानशील तथा दिगो खाद्य प्रणाली उन्मुख नेपाल: स्वच्छ र पोषणयुक्त खाद्यमा सबैको पहुँच भन्ने मूल नाराका साथ आज प्रदेश राजधानी देउखुरीमा आयोजित खाद्य प्रणाली संवाद कार्यक्रममा मुख्यमन्त्री आचार्यले प्रदेशमा नसर्ने रोगको अवस्था बढ्दो रहेको र यसले चिन्ता थपेको भन्दै विषादी प्रयोग नगरीखाद्यान्न तथा तरकारी उत्पादनलाई प्राथमिकता दिन जोड दिए ।

उनले पोषणयुक्त खानपान र स्वस्थ जीवनशैलीका लागि रैथाने खाद्यान्न बालीमा पोषणको मात्रा अधिक रहेको भन्दै रैथाने बालिको संरक्षण, सम्बद्र्धन र प्रयोगमा आधारित नीति लिनुपर्नेमा जोड दिए । उनले खेती प्रणालीलाई अर्गानिक बनाउनुपर्नेमा पनि जोड दिए ।

'रैथाने बालिको संरक्षण, उत्पादन र प्रयोग गर्न सरकारले नीति निर्माण गर्नेछ', मुख्यमन्त्री आचार्यले भने, 'पोषण प्रवद्र्धन एक्लो प्रयासले सम्भव हुँदैन । यसमा तीन तहका सरकार, सामाजिक सङ्घ संस्था र समुदायको सहभागिता आवश्यक छ ।' उनले विशेष योजना बनाएर जनताको घरदैलोमा पुग्न जरुरी रहेको र विद्यालय तहमा यसलाई अभियानका रूपमा लैजानुपर्ने उल्लेख गरे । मकै, गहुँ, जौँ, फापर, कोदोजस्ता रैथाने बाली ओझेलमा परेको भन्दै संरक्षण, प्रवद्र्धन र प्रयोगमा आधारित नीति आवश्यक भएको धारणा उनले राखे ।

पूर्वस्वास्थ्यमन्त्री तथा प्रदेशसभा सदस्य विष्णुप्रसाद पन्थीले विषाक्त खाद्यले मानव स्वास्थ्यमा समस्या उत्पन्न गराएको उल्लेख गर्दै पोषणयुक्त खानाको मात्रा सुनिश्चित गर्नुपर्ने बताए ।

लुम्बिनी कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका उपसचिव घनश्याम चौधरीले प्रदेश खाद्यान्न, माछा, मासु र दूधमा आत्मनिर्भर भए पनि अन्य क्षेत्रमा अझ सुधार आवश्यक रहेको उल्लेख गरे । उनका अनुसार लुम्बिनीमा पुड्कोपनाको अवस्था २५ प्रतिशत, ख्याउटेपना १६ प्रतिशत, कमतौल २३ प्रतिशत तथा पाँच वर्षमुनिका बालबालिकामा रक्तअल्पता ४९ प्रतिशत रहेको छ । प्रजनन उमेर (१५–४९ वर्ष) समूहका महिलामा पनि ४४ प्रतिशतमा रक्तअल्पता देखिएको छ ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका शाखा अधिकृत चन्द्रप्रकाश बस्नेतले नेपाल विश्व खाद्य जोखिम सूचकाङ्कमा १२औँ स्थानमा रहेको बताए । उनका अनुसार हाल जनसङख्याको ५७ प्रतिशतमा मात्र खाद्य सुरक्षाको अवस्था पुगेको छ । विश्व स्वास्थ्य संगठनका देशीय निर्देशक शकिब नबी, जिल्ला समन्वय समिति महासङ्घ लुम्बिनीका अध्यक्ष द्रोण खत्रीले गाउँपालिका महासङ्घका सदस्य भक्तबहादुर जिसीले पोषण सुधारका लागि सरकारी तथा गैरसरकारी सहकार्य अपरिहार्य रहेकोमा जोड दिए ।रासस

# शिक्षक सँगको वार्ता एक दुई दिन भित्र निष्कर्षमा पुग्नेमा विश्वस्त छुः नैनसिंह महर

**काठमाडौं ।**
नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं शिक्षा विभाग प्रमुख नैनसिंह महरले आन्दोलनरत शिक्षक महासंघ संगको वार्ता एक ,दुई दिन भित्रै निश्कर्षमा पुग्ने बताएका छन् ।

'शिक्षकका माग सम्बोधनका लागि सरोकारवाला निकायसँग सरकार र पार्टीकोहरुबीचमा गम्भीर छलफल भइरहेको छ, नियमित भर्ना र १२ कक्षाको परिक्षा प्रभावित नहुने गरि वार्ता सफल पार्ने कोशिश भईरहेको भईरहेको छ 'विद्यालय शिक्षा विधेयकका बारेमा शिक्षा विभागको आधिकारिक धारणा तय गर्ने क्रममा पार्टी कार्यालय सानेपामा भ्रातृ र सुवेच्छुक संस्थाका प्रमुख तथा प्रतिनिधिसँगको छलफलमा महरले उक्त कुरा बताएका हुन् ।

उनले सरोकारवालाहरूबीचको वार्ता सकारात्मक रहेकाले एक÷दुई दिनमै निकास निस्कने विश्वाससमेत व्यक्त गरेका छन् । शिक्षकहरूको आन्दोलनका कारण नयाँ शैक्षिक सत्रको भर्ना प्रक्रिया नै अवरुद्ध हुनुका साथै कक्षा १२ को परीक्षासमेत अवरुद्ध हुनसक्ने जोखिमलाई मध्यनजर गर्दै कांग्रेस समस्या समाधानमा गम्भीर रहेको उनले बताए ।

उनले सरकारलाई समेत माग सम्बोधनमा गम्भीर हुन आग्रह गरेका छन् । 'चैत २० यता शिक्षकहरू निरन्तर प्रदर्शनमा हुनुहुन्छ । यसले लाखौं विद्यार्थी मारमा परेका छन् । यस्तो अवस्थामा सरकारसँगको शिक्षकहरूको वार्ता सकारात्मक रुपमा अघि बढिरहेकाले चाँडो निकासमा पु¥याउनुपर्छ । यो संवेदनशील घडीको आन्दोलनरत शिक्षक समुदायले बुझ्ने कुरामा पनि हामी विश्वस्त छौं ।छलफल सकारात्मक भएर मात्र हुँदैन, निश्कर्षमा पुग्नु जरुरि छ,'उनले भने । भर्ना प्रक्रिया अवरुद्ध नहोस् र कक्षा १२ को परीक्षा प्रभावित नहोस् भन्नेमा कांग्रेस चिन्तित रहेकाले सरकार र शिक्षक महासंघ संग निरन्तर छलफल भइरहेको समेत उनले प्रस्ट पारेका छन् ।

शिक्षा विधेयकका विषयमा पार्टीको आधिकारिक धारणाका लागि शिक्षा विभाग प्रमुखको हैसियतले आफूहर शिक्षा विधेयकको ड्राफ्ट निर्माणका लागि पार्टी भित्र बाहिर छलफल ,अन्तक्रिया भइरहेको महरले जनाएका छन् ।

'नेपालको संविधानले व्यवस्था गरेको १२ कक्षासम्म निःशुल्क शिक्षा कार्यान्वयनको सवाल र 'थ्री पी' पब्लिक प्राइभेट पार्टनरसिपको अवधारणा अनुरुप निजी लगानीको संरक्षण गर्ने , शिक्षामा २०% बढी वजेट विनियोजन, विदेशी विश्वविद्यालय बाट अनुमति लिएर संचान भएका कलेज र शैक्षिक परामर्शदातृ संस्थाहरुको नियमन,प्रविधिक र जीवन उपयोगि शिक्षा कुरामा पनि कांग्रेसले धारणा तय गर्दै छ । एकै प्रकारका शिक्षकको व्यवस्था गर्ने, राज्यको हैसियतले भ्याएसम्म शिक्षकहरूको सेवा सुविधा बनाउने, उनीहरूको बढुवालगायत शिक्षकका थुप्रै मागप्रति कांग्रेस सकारात्मक छ,' महरले भने ।

कांग्रेस शिक्षाको गुणस्तरीयता कायम गर्न र शिक्षकका माग सम्बोधनमा दृढ रहेको कुरामा कसैलाई दुविधामा नपर्ने महरले आग्रह गरेका छन् ।तर गुणस्तरिय शिक्षाका लागि शिक्षकको कर्तव्य र योगदान बढी जिम्मेवार हुने कुरा पनि विर्शिनु हुदैन 'विश्व बजारसँग प्रतिस्पर्धा गर्ने खालको शिक्षा नेपालको हुनुपर्छ भन्नेमा हामी दृढ छौं । शिक्षकका माग सम्बोधन र शिक्षा क्षेत्रका समस्या समाधानका लागि हामी घनिभूत परामर्शमा छौं , हामीले अशल र गतिशिल शिक्षकका मार्फत उन्नत शिक्षाको समाजले अपेक्षा गरेको ।यद्यपी चाँडै समस्याको हल निस्कन्छ,' उनले भने ।

# शिक्षकको विरोध र्‍यालीका कारण यात्रुलाई सास्ती

**काठमाडौँ ।**
काठमाडौँको सबैभन्दा व्यस्त मानिने माइतीघर–नयाँ बानेश्वर सडकखण्ड पछिल्ला २० दिनदेखि अशान्त छ । विभिन्न माग राखेर शिक्षकहरु शान्तिपूर्ण आन्दोलनमा होमिए पनि शिक्षकका कारण हरेक दिन लाखौँ व्यक्तिहरुले दुःख पाइरहेका छन् ।

सरकारसँग विभिन्न माग राखेर आन्दोलित शिक्षकहरु आफ्ना माग पूरा गरेरै छाड्ने र सम्झौतामा नटुङ्ग्याउने नीतिका कारण सरकारसँग वार्ताका लागि पनि तयार भएका छैनन् । उनीहरुले यतिबेला अनौपचारिक छलफललाई भने निरन्तरता दिएका छन् । हरेक दिन 'पिक आवर'मा प्रमुख मार्ग अवरुद्ध हुँदा यसको मारमा विद्यार्थी, कर्मचारी, व्यवसायीलगायतका यात्रु परेका छन् ।

शिक्षकको आन्दोलनका कारण आफ्नै तालिका नै बिग्रिएको बताउछन भक्तपुर लोकन्थली बस्ने ३५ वर्षीय रामप्रसाद दाहाल । उन हरेक दिन बिहान साढे ९ बजे लोकन्थलीबाट न्यूरोडस्थित कार्यालयमा काम गर्न जाँदा तीनकुने–माइतिघर सडकखण्ड प्रयोग गर्छन । सामान्यतयाः आधा घण्टा लाग्ने समयमा आज उनलाई कार्यालय पुग्न सवा एक घण्टाभन्दा बढी लाग्यो । 'जहिल्यै पनि आधा घण्टामा अफिस आइपुग्थे । आज त हाजिर नै छुट्यो । यो आन्दोलन छिटो सकिए हामीलाई पनि राहत हुने थियो', उनले भने ।

पुरानो बानेश्वर बस्ने २८ वर्षीया मीना लामाको पनि समस्या उस्तै छ । उनलाई पनि ११ बजेसम्म कार्यालय पुग्नैपर्छ । बैशाखको चर्को घाममा लामो जाम बसेर कार्यालय पुग्न आफूलाई हम्मेहम्मे परेको उनको भनाइ छ । आन्दोलनकारीहरुले आफ्ना माग पूरा गराउनका लागि सर्वसाधारणलाई दुःख दिन जायज नभएको उनको बुझाइ छ ।

शिक्षकहरुको सुरक्षाका लागि हजारौँ जनशक्ति हरेक दिन खटिएका छन भने ट्राफिक प्रहरीका लागि सवारी व्यवस्थापन टाउको दुखाइ बनेको छ । शिक्षकको विरोध ¥यालीका कारण राजधानीको सुरक्षा व्यवस्था, सवारीसाधन आवागमनमा चुनौती थपिएको छ ।

वैशाख ६ गतेसम्म दिनसम्म दिउँसो १२ देखि ३ बजेसम्म शान्तिपूर्ण रुपमा विरोध ¥याली गरिरहेका शिक्षकहरुले वैशाख ७ गतेदेखि समयतालिका परिवर्तन गरी बिहान ९ देखि १२ बजेसम्म बनाएपछि विद्यार्थी, कार्यालय पुग्ने हतारोमा रहने कर्मचारी, व्यवसायीलगायतका यात्रु सबैभन्दा ठूलो मारमा परेका छन् । मानिसहरु माइतीघरदेखि तीनकुनेसम्म पैदल हिँड्न बाध्य छन्भने सवारीसाधन 'डाइभर्सन'मा चुनौती थपिएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक दीपक गिरीका अनुसार आन्दोलनका कारण यात्रुहरुले निकै दुःख पाएको बताउछन । अझ कार्यालय समयमा सडक ठप्प हुँदा समयमै कार्यालयमा पुग्न समस्या भइरहेको उनको भनाइ छ ।

'बानेश्वर–माइतीघरमा मानिसहरु जम्मा हुँदा सवारीसाधनलाई विभिन्न स्थानबाट डाइभर्सन गरी सञ्चालन गरिएको अवस्था छ, सवारीसाधनलाई तीनकुने, रणोद्वीप, कृष्णपाउरोटीलगायतका स्थानबाट डाइभर्सन गरिएको छ', प्रहरीले भनेको छ । डाइभर्सनका कारण पुरानो बानेश्वर, सेतोपुल, सिंहदरबार दक्षिणढोका, माइतीघर, अनामनगर, हनुमानस्थान, थापागाउँ हुँदै चल्ने सवारीसाधनलाई 'क्यू'मा सञ्चालन गरिएको छ ।

पिकआवरमा बढेका सवारीसाधनका कारण काठमाडौँ उपत्यकास्थित कोटेश्वर, गौशाला, जयबागेश्वरी, मित्रपार्क, चाबहिल, सोह्रखुट्टे, लैनचौर, रणोद्वीप, त्रिपुरेश्वर, टेकु, कालोपुल, थापाथली र कुपण्डोल हुँदै चल्ने सवारीसाधन पनि क्यूमै चलेको प्रहरीको भनाइ छ ।

मुलुकमा विभिन्न क्षेत्रबाट काठमाडौँ केन्द्रित भएका शिक्षकहरुका पनि आफ्नै समस्या छन् । लामो समयसम्म काठमाडौँमा बस्दा खर्चको जोहो गर्न पनि उनीहरुलाई हम्मेहम्मे परिरहेको छभने केही शिक्षकहरु आफन्तकहाँ आश्रय लिइरहेका छन् ।

चैत र वैशाखको टन्टलापुर घाममा उनीहरुले कहिले गीत गाएर त कहिले कवितामार्फत शिक्षकहरुले आफ्ना माग राखिरहेका छन् । उनीहरुले विभिन्न गीत र नृत्यमार्फत विरोध ¥यालीलाई रोमाञ्चक पनि बनाइरहेका छन् । उनीहरुको विरोध ¥यालीका कारण सिंहदरबार, कोटेश्वर, तीनकुने, नयाँबानेश्वर, शङ्खमूल, माइतीघरलगायतका क्षेत्र सामान्य बन्न सकेको छैन ।

विभिन्न भागबाट काठमाडौँ आएका शिक्षकका कारण विद्यालयको शैक्षिक तालिका प्रभावित भएको छ । नयाँ शैक्षिकसत्र सुरु हुँदा भर्नालगायतका प्रक्रियाका लागि विद्यालयमा खटिनुपर्ने शिक्षक काठमाडौँकेन्द्रित आन्दोलनमा सहभागी हुँदा सामुदायिक विद्यालयको पठनपठान र शैक्षिक क्रियाकलाप प्रभावित भएको छ ।

माग पूरा गर्नका लागि नेपाल शिक्षक महासङ्घका पदाधिकारीले प्रधानमन्त्री केपी शर्मा ओली र सभामुुख देवराज घिमिरेसँग यही वैशाख ५ गते बेग्लाबेग्लै भेट गरी माग सम्बोधनका लागि आह्वान गरिसकेका छन् । उनीहरुका माग सम्बोधनका लागि नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश थापा तथा नेपाल कम्युनिष्ट पार्टी (एमाले) महासचिव शङ्कर पोखरेललगायतले पनि पहल गरेका छन ।

साथै उच्चस्तरीय राजनीतिक पहलसँगै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र महासङ्घबीच अनौपचारिक तहमा कुराकानी भइरहेको जनाइएको छ । मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले विद्यालय शिक्षा विधेयक, २०८१ ले नसमेटेका व्यावहारिक र न्यायिक मागहरुलाई पारस्परिक संवादका आधारमा प्याकेजबाटै सम्बोधनको तयारी भइरहेको बताउछन ।

नेपाल शिक्षक महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले अनौपचारिक कुराकानी भए पनि ठोस उपलब्धि हासिल नभएकाले अझै केही दिन आन्दोलन गर्नुुपर्ने स्थिति रहेको बताईन । उनले कुनै पनि हालतमा माग पूरा गरी छाड्ने नीतिका साथ आफूहरुले आन्दोलन अघि बढाएको बताउछन ।

आन्दोलनमा अनिवार्य उपस्थिति भनिएका कारण सडकमा ७७ वटै जिल्ला र ७५३ स्थानीय तहबाट प्रतिनिधित्व गर्दै शिक्षकको उपस्थिति छ । सरकारले भने शिक्षकहरुलाई वार्तामा आउन र घर फर्कन आग्रह गरेको छ । शिक्षकहरु भने आश्वासनकै भरमा नफर्किने अडानमा छन् । यता सवारी जामले गर्दा विद्यार्थी, कर्मचारी, सर्वसाधारण तातो र चर्को घाममा हिँडेर गन्तव्यमा पुग्न बाध्य छन् ।रासस

# यथाशीघ्र सङ्घीय निजामती ऐन ल्याउन माग

**वीरगंज ।**
पर्साका निजामती कर्मचारीका छ वटा सङ्घ–सङ्गठनले सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक आफ्ना ११ बुँदे माग समावेश गरेर यथाशीघ्र ऐन जारी गर्न माग गरेका छन् ।
पर्साका निजामति कर्मचारीका छ वटा सङ्घ–सङ्गठनले प्रमुख जिल्ला अधिकारी गणेश अर्यालमार्फत प्रतिनिधिसभाका सभामुखलाई ज्ञापनपत्र बुझाएका छन् । नेपाल निजामती कर्मचारी युनियन पर्साका अध्यक्ष विजयकुमार गुप्ताले निजामती कर्मचारीको सरुवा प्रणालीलाई व्यवस्थित गर्न चक्रिय र पूर्वानुमान योग्य बनाउँदै सम्बन्धित प्रदेश तथा स्थानीय तहको सहमतिको आधारमा अन्तरप्रदेश र अन्तरप्रदेश स्थानीय तह सरूवाको व्यवस्था गर्नुपर्ने माग राखेको जानकारी दिए ।
‘सङ्घ, प्रदेश तथा स्थानीय तहको जुनसुकै तहमा कार्यरत कर्मचारीले खुला–आन्तरिक प्रतिस्पर्धाबाट अर्को तहमा नियुक्ति भएमा निजको सेवा निरन्तरताका साथै निवृत्तिभरण पाउनेगरी नियुक्त भएको कर्मचारीले प्रदेश र स्थानीय तहमा आन्तरिक तथा खुल्ला परीक्षा उत्तीर्ण गरेमा निवृत्तिभरण प्राप्त गर्ने प्रावधान कायम गर्नुपर्ने माग राखेका छौँ,’ उनले भने, ‘निजामती कर्मचारी भन्नाले सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै कर्मलाई सम्झनुपर्छ भन्ने विषय परिभाषामा समेट्नुपर्नेछ ।’
विभिन्न छ सङ्घ सङ्गठनले सङ्घ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध कायम हुनेगरी पेसागत हकहित र अधिकारका लागि सङ्गठित हुन कार्यालय प्रमुख बाहेक शाखा अधिकृत वा आठौँ तहसम्मका कर्मचारी सदस्य हुन पाउनेगरी सामूहिक सौदावाजीसहितको राष्ट्रियस्तरका ट्रेड युनियन र आधिकारिक ट्रेड युनियनको व्यवस्था हुनुपर्ने मागमा उल्लेख गरिएको छ ।
त्यस्तै सङ्घीय निजामति सेवा ऐन जारी भए पनि सङ्घीय कानुन बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई एकपटक लागि समायोजनको लागि छनोटको अवसर प्रदान गर्नुपर्ने माग राखेका छन् । सङ्घ सङ्गठनले राज्य व्यवस्था तथा सुशासन समितिले गठन गरेको उपसमितिले संयुक्त टे«ड युनियनबाट पटक–पटक उठान गरिएका विषयवस्तु समावेश नगरी समितिमा प्रतिवेदन पेस गर्नुले हाम्रा साझा माग मुद्दाप्रति उपसमिति बेवास्था गरेकोप्रति गम्भीर आपत्ति जनाएका छन् ।
विधेयकमा देखिएको समस्याको समाधान निकाली सङ्घीय निजामति सेवा ऐनको विधेयक समितिको सुझावसहित प्रतिनिधिसभाको प्रथम बैठकभन्दा अगावै पेस गर्न राज्य व्यवस्था तथा सुशासन समितिसँग जोडदार माग गरेको छ ।




# सरकारी कार्यालयको पुँजीगत खर्च न्यून

**वीरगंज ।**
पर्साका सरकारी कार्यालयको विकास निर्माण लक्षित पुँजीगत खर्च न्यून देखिएको छ । चालु आर्थिक वर्षमा पर्साका सरकारी कार्यालयका लागि दुई अर्ब ७३ करोड रुपैयाँ पुँजीगत खर्च विनियोजन गरिएकोमध्ये चैत मसान्तसम्मको अवधिमा भने २७ दशमलव ९६ प्रतिशतअर्थात् ७६ करोड ६० लाख रुपैयाँ रकम मात्रै खर्च गरेका छन् ।
कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साका प्रमुख कोष नियन्त्रक मनोजकुमार जोशीले पर्साका सरकारी कार्यालयले अपेक्षाकृत ढङ्गले पुँजीगत खर्च गर्न नसकेको बताए । ‘चालु आव सकिन अब तीन महिनाभन्दा कम समय छ,’ उनले भने, ‘सङ्घीय सरकारको हाराहारीमा पनि यहाँका कार्यालयले पुँजीगत खर्च गर्न सकिरहेका छैनन् ।’ उनले पुँजीगत खर्च गरेर विकास निर्माणका कार्यलाई अघि बढाउनका लागि अनुरोध गरे ।
पर्साका सरकारी कार्यालयका लागि चालु आवमा चालु खर्चतर्फ १० अर्ब ६२ करोड रुपैयाँ विनियोजनमध्ये ६४ दशमलव ८९ प्रतिशतअर्थात् छ अर्ब ८९ करोड रुपैयाँ खर्च भएको छ । पर्साका सरकारी कार्यालयले चालु आवको चैत मसान्तसम्मको अवधिमा एक खर्ब ६१ रुपैयाँ राजस्व सङ्कलन गरेका छन् । यहाँका सरकारी कार्यालयले गत आवको सोही अवधिमा भने एक खर्ब ५१ करोड रुपैयाँ राजस्व सङ्कलन गरेका थिए । पर्सामा करिब ६० भन्दा धेरै सङ्घीय सरकार मातहतका कार्यालय छन् ।

# नारायणी अस्पतालमा क्याथल्याब सञ्चालन हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको नारायणी अस्पतालमा वैशाख अन्त्यसम्ममा क्याथल्याब आरम्भ गर्ने तयारी छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले वैशाख महिनाभर आठ वटा सङ्घीय अस्पतालमा १५ नयाँ सेवा थप तथा विस्तार गर्ने मन्त्रालयको कार्यक्रमअन्र्तगत नारायणी अस्पतालमा क्याथल्याब सञ्चालन गर्ने तयारी गरिएको हो । अस्पतालका प्रवक्ता डा. उदयनारायण सिंहकाअनुसार क्याथल्याब सञ्चालनको तयारी तिव्र गतिमा भइरहेको छ । मन्त्री पौडेलको सङ्घीय अस्पतालको सेवा सुधार तथा विस्तारको नीतिअन्तर्गत वैशाख महिनामा वीर अस्पतालले सर्जिकल आइसियूको सेवा विस्तार गर्नेछ । यसैगरी भरतपुर अस्पतालले क्याथल्याब सेवा शुरू गर्दैछ । भक्तपुर क्यान्सर अस्पतालले पिआइसियू तथा पेडियाट्रिक वार्ड वैशाख दोस्रो हप्ता आरम्भ गर्दैछ । भेरी अस्पतालले मिर्गाैला प्रत्यारोपण सेवा वैशाख दोस्रो हप्तादेखि आरम्भ गर्ने कार्यक्रम सार्वजनिक गरेको छ । यसैगरी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले इमर्जेन्सी वार्डमा २० शय्या वैशाख अन्त्यसम्ममा थप गर्नेछ । जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास केन्द्र तनहुँले हेमोडायलासिस सेवा वैशाख तेस्रो हप्ता औपचारिक सञ्चालनमा ल्याउनेछ । यसैगरी धनगढीको गेटा अस्पतालले भने वैशाख तेस्रो हप्ताभित्र मोड्युलर ओटी, आकस्मिक वार्ड तथा अक्सिजन प्लान्ट एकैसाथ थाल्नेछ । सेवा विस्तार र कार्यान्वयनमा जोड दिन स्वास्थ्यमन्त्री पौडेलले निर्देशनसमेत दिएका छन् ।

# पाँच महिनापछि सिरहा नगरपालिकामा अधिकृत

**सिरहा ।**
सिरहा नगरपालिकाले झन्डै पाँच महिनापछि प्रमुख प्रशासकीय अधिकृत पाएको छ ।
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृतका रूपमा नगरपालिकाकै स्वास्थ्य शाखा प्रमुख मोहम्मद इद्रिस राइनलाई जिम्मेवारी तोकेर कामकाजमा खटाएपछि उनी हाजिर भएका छन् । यसअघि नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत बलिराम यादवको गत माघमा आर्थिक तथा प्रशाासनिक जिम्मेवारी खोसिएपछि नगरपालिका प्रमुख प्रशासकीय अधिकृतविहीन बनेको थियो । जसले गर्दा कार्यालयको दैनिक कामकाज प्रभावित भएको थियो ।
नयाँ प्रमुख प्रशासकीय अधिकृत राइनलाई नगर प्रमुख डा नवीनकुमार यादवले चादर ओढाएर डायरी र कलम दिँदै नगरपालिकामा स्वागत गरे । स्वागत गर्दै नगर प्रमुख यादवले अधिकृत राइनलाई नगरपालिकाको हरेक गतिविधि जनताका पक्षमा गर्न निर्देशन दिए । उनले नगरको सकारात्मक परिवर्तनका लागि कर्मचारीको कुशल नेतृत्व गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आग्रह गरे ।
प्रमुख प्रशासकीय अधिकृत मोहम्मद राइनले कुशल कार्यशैली अपनाएर जनमैत्री सेवा प्रवाह गर्न आफूले सकेको भूमिका निर्वाह गर्ने भन्दै सोही अनुरुप मातहतका कर्मचारीले पनि सकारात्मक सहयोग गर्नुपर्ने बताए । लामो समय प्रमुख प्रशासकीय अधिकृत नतोकिँदा नगरपालिकाले तर्जुमा गरेको चालु आर्थिक वर्षको योजना सञ्चालनमा अवरोध पुगेको थियो । त्यसैगरी, सम्पन्न भएका योजनाको भुक्तानी हुन नसक्दा सेवाग्राहीलाई समस्या भएको थियो भने ज्येष्ठ नागरिक, एकल महिला, पाँच वर्षमुनिका बालबालिकाले सामाजिक सुरक्षा भत्ता र बालपोषणको रकम पाउनबाट तथा कर्मचारी पारिश्रमिक पाउनबाट वञ्चित भएका थिए ।

# पाँच दलले एकै ठाउँमा लेनिन शताब्दी मनाउने

**मधेशदृष्टि**
**महोत्तरी ।**
विश्व प्रसिद्ध कम्युनिस्ट नेता तथा चिन्तक भ्लादिमिर लेनिनको स्मृतिमा शताब्दी वर्ष मनाउन महोत्तरीका कम्युनिस्ट घटक पाँच दल गृहकार्यमा जुटेका छन् ।
मंगलबार शताब्दी पुग्ने दिनलाई मध्यनजर गर्दै ‘लेनिनवादको आलोकमा नेपाली समाजवादी क्रान्तीझ विषयमा भब्य अन्तरकृया कार्यक्रम गरिएको छ ।
बर्दिबासस्थित विनायक बैंक्वेटमा आयोजित कार्यक्रममा नेकपा माओवादी केन्द्र, नेकपा एमाले, नेकपा एस, विप्लव नेतृत्वको नेकपा, वैज्ञानिक समाजवादी पार्टीलगायतका प्रतिनिधि सहभागी बन्ने आयोजक पक्षले जनाएको छ ।
पूर्व राष्ट्रियसभाकी उपाध्यक्ष शशिकला दाहालको संयोजकत्वमा हुने अन्तरकृयामा पार्टीका निर्धारित प्रतिनिधिले बोलेपछी खुला छलफल गरिने लेनिन शतवार्षिकी समारोह समितिले जानकारी दिएको छ ।
समितिका सदस्य तथा वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका केन्द्रीय प्रवक्ता मदन अर्यालका अनुसार रोशन जनकपुरीले कार्यपत्र पेश गर्नेछन् । दलको प्रतिनिधित्व हुनेगरी प्रदेश र केन्द्रीय तहका नेताले बोल्ने र औपचारिकता भन्दा पनि सिधै अन्तरकृयामा प्रवेश गर्ने अर्यालले जानकारी दिए ।
लेनिनको एक शताब्दी वर्षलाई मध्यनजर गर्दै वर्ष दिनअघिदेखि कम्युनिस्ट पार्टीहरुले विभिन्न कार्यक्रम घोषणा गरेका थिए । वर्ष दिनदेखि भइरहेका कार्यक्रमको यो दिनमा औपचारिक समापन समेत हुने नेताहरुले बताए ।
भ्लादिमिर लेनिनको जन्म २२ अप्रिल १८७० मा भोल्गा नदीको किनारमा रसियाको सिम्बिर्स्क (उल्यानोभस्क) भन्ने शहरमा भएको थियो । इतिहासका अभूतपूर्व क्रान्तिकारी नेता लेनिनको मृत्यु २१ जनवरी १९२४ मा भएको हो ।

# उपमहानगरको निर्देशन निजी विद्यालयहरुबाट अटेर

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा सञ्चालित निजी (संस्थागत) विद्यालयहरुले विद्यार्थीसँग असुल गर्ने शुल्क प्रस्ताव गर्नुपर्ने नगरपालिकाको निर्देशनलाई अटेर गरेको छ ।
जनकपुरधाम उपमहानगरपालिकाले चैत ५ गते शैक्षिक वर्ष २०८२ को लागि शुल्क प्रस्ताव मागेको थियो । नगरपालिकाले शुल्क प्रस्ताव आह्वान गरेको एक महिना बितिसक्दा पनि निजी विद्यालयहरुले वास्ता नगरेपछि सोमबार दोस्रो पटक ताकेतास्वरुप सूचना जारी गरिएको छ । ‘शैक्षिक सत्र २०८२ मा विद्यालयहरुमा लागु गर्ने शुल्कको प्रस्ताव मिति २०८१–१२–२० गते भित्र पेश गर्ने माग भई आएकोमा हालसम्म धेरैजसो विद्यालयहरुले पेश नगरेकोले सात दिनभित्र पेश गर्न यो ताकेता पत्र लेखिएको हो’ सोमबार जारी गरिएको सूचना पत्रमा उल्लेख छ ।

# कीर्ते जालसाजीमा पूर्ववडाध्यक्ष पक्राउ



**मधेशदृष्टि**
**सिरहा ।**
नवराजपुर गाउँपालिका–२ का पूर्व वडा अध्यक्ष खुशीलाल साह किर्ते जालसाजीको मुद्दामा पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय महेशपुर पतारीबाट खटिएको टोलीले उनलाई सोमबार बिहान आफ्नै घरमा लुकिछिपी बसेको अवस्थामा पक्राउ गरेको हो ।
प्रहरीका अनुसार, साहविरुद्ध विगतमा दर्ता भएको किर्ते तथा जालसाजीसम्बन्धी मुद्दाको अनुसन्धानका लागि उनलाई नियन्त्रणमा लिइएको हो ।
२०८० माघ १९ गते साहले तत्कालीन वडा कार्यालयको लेटरहेड प्रयोग गर्दै हालका वडा अध्यक्ष सुरेश कुमार यादवको नक्कली हस्ताक्षर र वडा कार्यालयको छाप किर्ते गरेर मालपोतसम्बन्धी चारकिल्ला कागजात तयार पारेको प्रमाण फेला परेको प्रहरीले जनाएको छ । कागजातमार्फत साहले आफ्नै आमा कुलमतिया देवीको नाममा सिफारिस गराएका थिए ।
साह २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसबाट नवराजपुर–२ मा वडा अध्यक्षमा निर्वाचित भएका थिए । दोस्रो पटक टिकट नपाएपछि उनी नेकपा एमालेमा प्रवेश गरी गाउँपालिका अध्यक्ष पदमा उम्मेदवार बनेका थिए । एमालेबाट पराजित भएपछि फेरि कांग्रेसमै फर्किएका थिए ।
प्रहरी अनुसन्धान अनुसार, साहले किर्ते कागजात मालपोत कार्यालयमा पेश गरेर आफ्नो नाममा जग्गा दर्ता गराएका थिए । घटनाको जानकारी पाएपछि वडा अध्यक्ष सुरेश कुमार यादवले २०८० फागुन १३ गते इलाका प्रहरी कार्यालय लक्ष्मीपुर पतारीमा सरकारी कागजात किर्ते तथा ठगीसम्बन्धी उजुरी दिएका थिए ।
वडा अध्यक्ष यादवले भने, ‘साहले पुरानै लेटरहेड प्रयोग गरी मेरो हस्ताक्षर र वडा कार्यालयको सरकारी छाप नक्कल गरेर झुटो कागजात तयार पारेका छन् । यस्तो कार्य कानुनविपरीत हो, त्यसैले मैले सम्बन्धित निकायमा उजुरी दिएको हुँ । उनीमाथि अहिले पनि थानामा सातभन्दा बढी मुद्दा छन् । कानूनले उनलाई छुट दिन्न ।’
जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी विरेन्द्र पासवानका अनुसार साहविरुद्ध उजुरी परेपछि अनुसन्धान थालिएको थियो । प्रयोगशालाबाट प्राप्त प्रतिवेदन र संकलित प्रमाणको आधारमा उनलाई पक्राउ गरिएको र थप अनुसन्धान जारी रहेको उनले जानकारी दिए ।

# पर्सालाई बजेट पार्न जनमतको ज्ञापनपत्र




**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टीले आगामी आर्थिक वर्षको नीति,कार्यक्रम तथा बजेटमा पर्सा जिल्लाका विभिन्न योजनाहरु समावेश गर्न माग गर्दै संघीय सरकारका उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेललाई ज्ञापनपत्र बुझाएको छ । जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सर्राफ नेतृत्वको टोलीले सोमबार जिल्ला प्रशासन कार्यालय पर्सामा पुगेर प्रमुख जिल्ला अधिकारी गणेश अर्यालमार्फत अर्थमन्त्री पौडेललाई ८ बुँदे ज्ञापनपत्र बुझाएको हो ।
ज्ञापनपत्रमा जनमत पार्टीले वीरगंजको अलपत्र नारायणी रंगशलाको पुनर्निर्माण, नारायणी अस्पतालको भौतिक पूर्वाधार विस्तार, सिर्सिया नदीको संरक्षण र कोरिडोरका रुपमा विकास, वीरगंज कृषि औजार सञ्चालनलाई विशेष प्राथमिकतामा रहेका आवश्यक बजेट विनियोजन गर्न माग गरेको छ । यस्तै ठोरीलाई पर्यटकीय स्थलका रुपमा विकास गर्न, जनता सडक निर्माण, किसानलाई समयमै रासायनिक मल उपलब्ध गराउन, सिँचाइका लागि विशेष कार्यक्रम ल्याउनका लागि आवश्यक बजेट विनियोजन गर्न पनि जनमत पार्टीले माग गरेको छ ।
ज्ञापनपत्र बुझाउन गएको टोलीलमा जनमत पार्टीका जिल्ला अध्यक्ष सर्राफसँगै केन्द्रीय सदस्यहरु विद्यालाल प्रसाद, रम्भा मिश्रा, नजमा खातुन, नेताहरु महादेव शर्मा, बृजेश्वरप्रसाद चौधरी, सन्जय सिंह, अञ्जना गुप्ता, सिकेन्द्र राम, हिरालाल राम, भुवन गिरी लगायतको सहभागिता थियो ।

# शिक्षामन्त्री भट्टराईले दिइन् राजीनामा



**मधेशदृष्टि**
**काठमाडौँ ।**
शिक्षामन्त्री विद्या भट्टराईले राजीनामा दिएकी छन् । उनले सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर राजीनामा बुझाएकी हुन् । शिक्षकहरू लगातार सडक आन्दोलनमा रहेको बेला उनले राजीनामा दिएकी हुन् ।
शिक्षक महासंघसँग बारम्बार संवाद भइरहे पनि निचोड निस्कन नसकेपछि शिक्षामन्त्री भट्टराई घेराबन्दीमा परेकी थिइन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन